सस्थागत विकास तालिम नौडांडा

कर्मचारी क्षमता विकास तालिम

कोभिड महामारी विरुद्ध स्थानीय तहसंग राहत साझेदारी

रघुगंगा गा.पा. सेवाकेन्द्र उद्घाटनको अवसर

अन्नपूर्ण गा.पा.-६, पोखरेबगर सेवाकेन्द्र उद्घाटको अवसरमा

१२ औं बार्षिक साधारण सभाको एक झलक

सेवाकेन्द्रहरु :

बे.न.पा.-७, विरेन्द्रचोक, बेनी फोन नं. ०६९-५२१०७४,
बे.न.पा.-४, तातोपानी फोन नं. ९८५७६४५५६०,
मंगला गा.पा.-२, बाविचाचौर फोन नं. ९७४६७१९०९९, ९८५७६५२२६५,
धौलागिरी गा.पा.-७, ताकम फोन नं. ९८५७६२७४३१,
अन्नपूर्ण गा.पा.-६, पोखरेबगर फोन नं. ९८५७६४५५६१
रघुगंगा गा.पा.-२, भगवती, फोन नं. ९८५७६४५५६२

केन्द्रीय कार्यालय :

मालिका-६, गाउँपालिका, दरबाङ्ग, म्याग्दी
फोन नं. ०६९-४२००४६, ४२००६०, ४२००६१,
email : pnsaccosdarbang@gmail.com
www.pnsaccos.com.np

PAN No. 305526135

Regd No. 149/063/064

"समृद्ध नेपालका लागि सक्षम जनशक्ति, समक्ष जनशक्तिका लागि पश्चिम नेपाल सहकारी"

सफल पाईला

आर्थिक बर्ष २०७६/०७७

13 YEARS

१३ औं बार्षिक साधारण सभा

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

म्याग्दी

स्था. २०६३ (Estd. 2063)

संचालक समिति

सुरेन्द्रराज शर्मा
अध्यक्ष

भिमप्रसाद गौतम
उपाध्यक्ष

हरिप्रसाद पौडेल
सचिव

कृष्णप्रसाद आचार्य
कोषाध्यक्ष

श्रीराम पौडेल
सह-सचिव

दुर्गाप्रसाद बुढा
सदस्य

भिमप्रसाद आचार्य
सदस्य

सुवर्ण रिजाल
सदस्य

हरिकला थापा
सदस्य

मायादेवी शर्मा
सदस्य

देवबहादुर घले
सदस्य

मोतिलाल पौडेल
सदस्य

प्रेमबहादुर विश्वकर्मा
सदस्य

लेखा समिति

रिमप्रकाश थापा
संयोजक

दीपक पौडेल
सदस्य

जालमाया बुढाथोकी
सदस्य

ऋण उप-समिति

भिमप्रसाद गौतम
संयोजक

कमलनाथ शर्मा
सदस्य

दिवाकर सुवेदी
सदस्य

कार्यालयका प्रमुखहरू

प्रेमलाल कडेल (सदन)
प्रमुख व्यवस्थापक

सन्तोष शर्मा
प्रमुख-बेनी सेवाकेन्द्र

राजकुमार पाण्डे
प्रमुख-दरबाङ्ग सेवाकेन्द्र

रेकबहादुर पुन
प्रमुख-तातोपानी सेवाकेन्द्र

ज्ञानबहादुर मल्ल
प्रमुख-ताकम सेवाकेन्द्र

अर्जुन शर्मा
प्रमुख-बाबियाचौर सेवाकेन्द्र

हरिकृष्ण आचार्य
प्रमुख-पोखरेबगर सेवाकेन्द्र

मनिषप्रसाद पौडेल
प्रमुख-भगवती सेवाकेन्द्र

"जनस्वास्थ्यका मापदण्ड पालना गरौं, कोभिड-१९ रोगबाट बचौं र बचाऔं ।

कोभिड १९ रोगको महामारी नियन्त्रणका लागि पालना गर्नुपर्ने जनस्वास्थ्यका मापदण्डहरु :

- मास्कको अनिवार्य तथा उचित प्रयोग गरौं ।
- अनिवार्य रुपमा सामाजिक तथा भौतिक दुरी कायम गरौं ।
- साबुनपानीले कम्तिमा ३० सेकेण्ड समयसम्म मिचिमिचि पटक-पटक हात धुने गरौं । वा गुणस्तरीय ह्याण्ड स्यानिटाइजरको प्रयोग गरौं ।
- अति आवश्यक काम बाहेक घरबाट बाहिर नन्निस्कौं ।
- प्रशस्त मात्रामा झोलिलो तथा पोषिलो खानेकुरा खाऔं ।
- आफ्नो तथा परिवारका सदस्यको स्वास्थ्यमा कुनै समस्या भएमा नजिकको स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्तीसँग सम्पर्क गरौं ।

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.
स्थापना
स्था. २०६३ (Estd. 2003)

"समृद्ध नेपालका लागि सक्षम जनशक्ति, सक्षम जनशक्तिका लागि पश्चिम नेपाल साकोस"

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
म्याग्दी

आर्थिक बर्ष २०७६/०७७ को सहकारी प्रतिवेदन

सफल पाईला

प्रकाशन विभाग

संयोजक : हरिप्रसाद पौडेल
सदस्य : कृष्णप्रसाद आचार्य
सदस्य : हरिकला थापा
सदस्य : मोतिलाल पौडेल
सदस्य : मेघराज शर्मा

सर्वाधिकार : पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि. म्याग्दी

मुद्रण
मुक्तिनाथ अफसेट प्रेस
न्यूरोड बेनीबजार, म्याग्दी
फोन ०६९-५२०६७३

खाली

PAN No. 305526135

Regd No. 149/063/064

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

म्याग्दी

स्था. २०६३ (Estd. 2063)

मिति :-२०७७/०८/११

बिषय:- १३औ बार्षिक साधारणसभा समन्धी सुचना ।

श्री सञ्चालक समिति,लेखा सुपरिवेक्षण समिति,सल्हाहकार समिति ,ऋण उपसमिति,शिक्षा उपसमिति ,जिल्ला स्थित सम्पूर्ण सेवाकेन्द्र संचालन उपसमिति लगाएत सम्पूर्ण शेयर ज्यु हरु , पश्चिम नेपाल साकोस म्याग्दी ।

उपरोक्त बिषयको समन्धमा यस पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७७/०८/१० गतेको सञ्चालक समिति बैठकको निर्णय अनुसार संस्थाको विनियम,सहकारी ऐन,नियमावली,परिपत्र,निर्देशन,तथा कार्यविधि बमोझिम गर्नुपर्ने सहकारीको १३ औ बार्षिक साधारणसभा बर्तमान बिस्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड -१९ को जोखिमको कारण साथै सरकारले तोकेको सामाजिक दुरी एवं स्वास्थ्य समन्धी न्युनतम मापदण्ड तथा महामारीमा साधारणसभा संचालन कार्यविधि २०७७ अनुरुप सम्पन्न गर्नुपर्ने भएको र सो साधारणसभा समन्धी देहाएको कार्यसुची अनुसार तपशिल बमोजिमका प्रस्ताव उपर छलफल गरि निर्णयहरु पारित गर्नुपर्ने भएको हुँदा तोकिएको समय भित्र आ-आफ्नो सदस्यता रहेको सेवाकेन्द्र वा पायक पर्ने संस्थाको सेवाकेन्द्रमा उपस्थित भई साधारणसभा को पुस्तिकामा सहभागिता जनाई साधारणसभाको प्रतिवेदन सेवाकेन्द्र बाट बुझिलिई सो प्रतिबेदन उपर आ-आफ्नो सल्हाह,सुझाब एबं राय लिखित रुपमा तोकिएको समयभित्र उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

प्रस्ताबहरु

१) आ.ब.०७६/०७७ को प्रगति तथा आ.ब.०७७/०७८ को प्रस्तावित नीति तथा कार्यक्रम पारित समन्धमा ।
२) आ.ब. ०७६/०७७ को वित्तीय तथा आ.ब.०७७/०७८ को प्रस्तावित बजेट पारित समन्धमा ।
३) आ.ब.०७६/०७७ को बार्षिक लेखापरीक्षण प्रतिबेदन पारित समन्धमा ।
४) लेखा सुपरिवेक्षण तथा अन्य उपसमितिहरुको प्रतिबेदन समन्धमा ।
५) नीति तथा आन्तरिक कार्यविधी पारित समन्धमा ।
६) लेखापरिक्षकको न्युत्ती र पारिश्रमिक निर्धारण गर्ने समन्धमा ।
७) निर्णय प्रमाणीकरण सदस्य चुन्ने समन्धमा ।
८) बिबिध समन्धमा ।

साधारणसभा संचालन कार्यसुची

क)मिति २०७७ मंसिर२१ देखि२५ गतेसम्म सबै सेवाकेन्द्रमा सदस्यता उपस्थिति खुला,पुस्तिकामा हाजिरी तथा प्रतिबेदन वितरण।
ख)मिति २०७७ मंसिर २१ देखि २८ गते सम्म शेयर सदस्य हरुको लिखित सुझाब संकलन ।
ग) मिति २०७७ मंसिर ३० सम्म प्राप्त सुझाब हरुको एकीकरण ।
घ)२०७७ पौष ४ गते शनिबार संस्थाको केन्द्रीय कार्यालय दरबाङ बजारमा प्रतिनिधि मुलक बिस्तारित साधारणसभा गर्ने र सो बैठकमा तोकिएका प्रतिनिधिको उपस्थितिमा प्राप्त भएका सुझाव उपर छलफल तथा निर्णय गरि साधारणसभा लाई पूर्णता ।
पुनश्च: सो बिस्तारित प्रतिनिधिमुलक साधारणसभाको सामाजिक सन्जाल मार्फत प्रसारण गर्ने व्यबस्था मिलाईने छ ,साथै बृस्तृत जानकारीको लागी संस्थाको केन्द्रीय कार्यालय लगायत सेवाकेन्द्र हरुमा सम्पर्क गर्नुहुन ।

हरिप्रसाद पौडेल
सचिव

सेवाकेन्द्रहरु { बे.न.पा. ७ शिरिन्द्रटोल बेनी फोन नं. ०६९-५२०००, बे.न.पा. ४ तातोपानी फोन नं. ९८३०६९२९५०, मंगला मा.पा. २ बाघिचौर फोन नं. ९७४५०७८२४, ९८३०६२२२६३ छोलाखिरी मा.पा. ७ ताकम फोन नं. ९८३०६२०४५१, अन्नपूर्ण मा.पा. ६ फेक्सेबजार फोन नं. ९८३०४४५५६१ रघुगंगा मा.पा. २ अमेठी फोन नं. ९८३०५४४५६२

केन्द्रीय कार्यालय : मालिका-६, दरबाङ्ग, म्याग्दी
फोन नं. ०६९-४२००४६, ४२००६०, ४२००६१
email : pnsaccosdarbang@gmail.com

खाली

आबद्धता
नेफ्स्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
NEPAL FEDERATION OF SAVINGS AND CREDIT COOPERATIVE UNIONS LTD.

श्री अध्यक्षज्यू,
पश्चिम नेपाल साकोस
मालिका - ६, दरवाङ्ग म्यारदी ।

शुभकामना

यस संघमा आबद्ध **पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि**. को १३ औं बार्षिक साधारणसभा र सो अवसरमा प्रकाशित **"सफल पाइला"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानताभित्र सदस्य केन्द्रितभई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको १३ औं बार्षिक साधारणसभाबाट कोभिड-१९ ले सदस्य र समुदायमा पारेको प्रभावको सम्बोधनका लागि व्यवसाय पुनरुत्थान सहित सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहितसम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

सदस्यहरूबीच वित्तीय कारोबारमा केन्द्रित रहने बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन सहित गुणस्तरीयता कायम गरी दीगो साकोस निर्माण र सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट आग्रह गर्दछु ।
हामी साकोस अभियानको चरणबद्ध विकासकाकार्यमा योजनाबद्ध रुपमा लागि परेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा प्रयोग गर्न क्रियाशील छौं । "सबल र दीगो वित्तीय सहकारीहरूको साझा सञ्जाल"भन्ने नेफ्स्कूनको परिकल्पना पूरा गर्न आ-आफ्नो क्षेत्रबाट सहयोगको अपेक्षा गर्दै स्थानीय स्तरबाट सम्भव भए सम्म साकोस निर्माणमा पहल गर्न गराउनुहुन अनुरोध सहित संस्थाको उत्तरोत्तर प्रगतिका लागि पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!
मितिः २०७७/०६/२३

परितोष पौड्याल
अध्यक्ष

नयाँबानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं.९१६९, फोन : +९७७-१-४७८०२०१, ४७८१९६३
इमेल: nefscun@nefscun.org.np
www.nefscun.org.np

खाली

"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक" द.नं. ०१/०५९/६० (सहकारी बैंक)

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट [illegible] रोवार मर्न स्वीकृति प्राप्त बैंक)

हार्दिक शुभकामना

प्रस्तुत विषयमा **मालिका–६ , म्याग्दी** स्थित **पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले** संस्थाको **१३ औं वार्षिक साधारण सभा कार्यक्रममा** संस्थाले प्रस्तुत गर्ने वार्षिक कार्ययोजना, लेखाप्रतिवेदन समेटेर **"वार्षिक प्रगति प्रतिवेदन पूस्तिका"** प्रकाशन गरी सदस्य माझ पुऱ्याउन लागेको थाहा पाँउदा अत्यन्त खुशी लागेको छ ।

यस सहकारी संस्थाले सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र व्यवस्थापनमा संचालन हुने सहकारी पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना) महामारीको कारण देशमा असहज परिस्थिति भए तापनि आफ्ना सदस्यहरुलाई एकताबद्ध राख्न ,संस्थाको गतिविधि तथा सेवाको विषयको जानकारी दिन संस्थागत सुशासन कायम राखी समयमै साधारण सभा आयोजना गर्न लागेकोमा अत्यन्त सराहना व्यक्त गर्दछु ।

साथै गरीबि न्यूनिकरण, लैंगिक समानता र सामाजिक सद्भाव कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरी सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस सहकारी संस्थाको **"वार्षिक प्रगति प्रतिवेदन पूस्तिका"** प्रकाशनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिती : २०७७/०६/२२

केबी उप्रेती
अध्यक्ष

खाली

अध्यक्षको संस्थागत प्रतिवेदन

यस गौरबमय तेह्रौं वार्षिक साधरण सभाका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अतिथि ज्यूहरू, संस्थाका पदाधिकारी ज्यूहरू, संचालक ज्यूहरू, लेखा समितिका संयोजक तथा सदस्य ज्यूहरू, सल्लाकार ज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्यूहरू, आमन्त्रित मान्यजनहरू, पत्रकार मित्रहरू, संस्थाका मेरूदण्ड आदरणीय शेयर सदस्य ज्यूहरू र कर्मचारी वर्गमा हार्दिक स्वागत एवम् सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

आजको यस अवसरमा Covid 19 को विकराल अवस्थालाई चिर्दै सहकारी विभागको निर्देशित मापदण्डलाई आधार बनाई १३ औं साधारण सभामा यस संस्थाको सस्थागत प्रतिवेदन यस सम्मानीत सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

प्रस्तावना :-

संस्थाको १३ औं वर्षसम्म आइपुग्दा यसको काल खण्डमा यस वर्षको विकराल अवस्थालाई चिर्दै संस्थाले अवलम्वन गरेको निति, योजना र कार्यक्रमहरूको समिक्षा गर्दै उपलब्धीहरूलाई संस्थागत गर्ने, आइपर्ने जोखिमहरूलाई सामना गर्दै अगाडी बढ्ने, चुनौतिहरूलाई सामना गर्दै सहजताको खोजी गर्दै सदस्यहरूलाई अधिकतम सेवा प्रदान गर्ने, त्रुटी, कमजोरीहरूलाई कम गर्दै लैजाने र संस्थालाई दिगो, विश्वासीलो, भरपर्दो बनाउनु पर्ने हाम्रो अन्तिम विकल्प हो । संस्थाको मेरूदण्ड भनेको नै सदस्यहरू हुन् । सदस्यहरूको व्यवसाय, आर्थिक उन्नति र विकास अनि सफलता हाम्रो उपलब्धी साथै सदस्य केन्द्रित सेवा, सुविधा, निती, विधि र प्रविधीको अधिकतम प्रयोग द्वारा आर्थिक सफलता र आत्म निर्भरता नै हाम्रो निति हो । सहकारीको सात सिद्धान्त नै हाम्रो मार्गदर्शन हो ।

संस्थागत समीक्षा :-

आदरणीय शेयर सदस्य महानुभावहरू :-

समृद्ध नेपालका लागी सक्षम जनशक्ती, सक्षम जनशक्तिको लागी पश्चिम नेपाल सहकारी भन्ने मूल नाराका साथ स्थापित यस संस्थाले एकिकरण, आर्थिक पारदर्शीता, आधुनिक प्रविधीको अधिकतम प्रयोग, सदस्य केन्द्रित कार्यक्रम, सामाजिक सेवा, वित्तिय अनुसासन कर्मचारीहरूको प्रविधियुक्त व्यवस्थापन बाट समाजमा प्रभावकारी रूपमा परिचालन हुँदै संस्थाको शाख बलियो बनेको छ ।

सहकारीका सदस्यहरूले आफु कमाउने आफ्नै खाने वा दुवै हातमा लड्डु भन्ने बुझन बुझाउन सकिएको छैन । कोभिड १९ को प्रभावले "नगद खर्च हुन्छ रेमिटेन्स आउदैन" भन्ने आकलन फेल खाएको छ । समाजमा विश्वास आर्जन गरेका सहकारीहरूमा तरलता बृद्धी भइरहेको छ । देशको संविधानमा नै ३ खम्बे निति लेखीएता पनि राज्यले सहकारीको खम्बामा कुनै पनि लगानी गरेको छैन सदस्यहरूको बलबुताले जे सकियो त्यहीमा मात्र चित्र बुझाउन परेको छ । सहकारीको मुल्य मान्यतालाई मध्य नजर गर्दै सदस्य मुखी काम गर्दै जानेक्रममा अब प्रत्यक सदस्य बचत गर्ने बानी बसाल्नु पर्ने देखिन्छ । (शेयर सदस्य) मात्र भएर अन्य योजनामा सहभागी हुन सकिएन भने

सहकारीको उपलब्धी हुन नसक्ने हुँदा शेयर सदस्य विकासकोष लाई पूर्ण रूपमा कार्यन्वयन गर्ने योजना अगाडी सारीएको छ । २/४ सहकारीहरू मिलेर कृषी उपज सामाग्री खरीदबिक्री गरी कृषकहरूलाई सर्वसुलभ मुल्यमा सदस्यहरूलाई उपलब्ध गराउन सकेमा सदस्यको हितहुने तुरून्तै ब्यवसायको योजना शुरू गरीनेछ । यो समीक्षात्मक रूपमा हाम्रो संस्था धवलागीरी अञ्चलमानै नमुनाको रूपमा परिचित बनाउन सफल भएका छौं ।

निति तथा कार्यक्रमलाई केन्द्रमा राखेर अगाडी बढाएको छ । ब्याजदर समायोजन गरी नाफामुखी होईन सेवामुखी संस्था बनाउने प्रयास गरीएको छ । चैत्र मसन्त सम्मको आर्थिक कारोबार लक्ष्य उन्मुख रहेको थियो । यस पछिको अवस्थालाई पनि अवस्था अनुसार सम्भव भए सम्मका योजना पस्केर समाधानको बाटो पहिल्याई सफल आवतरण गरीएको छ । कर्जा असुली प्रकृयालाई ब्यवस्थीत तरीकाले सामान्य गर्ने आधारहरू सृजना भई संस्थालाई सहि बाटोमा लैजान सफल भइरहेको छ । सेवा केन्द्रलाई थप ब्यवस्थीत बनाउने प्रयास स्वरूप सबै सेवाकेन्द्रहरूमा, बचत, ऋण, लगानी, सदस्य थप जस्ता खालको तार्गेट ब्यवस्था गरिएको छ । Covid 19 को प्रभावले सदस्यहरूलाई पर्न गएको घाटालाई न्यूनिकरण गर्ने निति अनुरूप ब्याज छुट, हर्जना छुट, थप कर्जा ब्यवस्था जस्ता कार्यक्रम ल्याई ऋणी सदस्यहरूलाई राहत दिने कार्य भएको छ । सदस्यहरूलाई सेवा प्रवाहमा कमी नहोस भनेर कर्मचारीहरूलाई अधिकतम प्रयोग गरी सेवा प्रदान गरिएको छ । सदस्यहरूले आफ्नै घरमा बसेर टेलिफोन, मोवाइल, इन्टरनेट, रिचार्ज एउटा वा अर्कोलाई सापट दिने गरी Cosys air थप परीमार्जित गरीएको छ । सदस्य ज्यूहरूलाई सो सेवाको उपयोग गर्नका लागि पनि हार्दिक अनुरोध गरिन्छ ।

यसका बाबजुत पनि संस्थाको कोषहरूमा राम्रो रकम जम्मा हुन गई संस्थाको स्थायित्वको लागि महत्वपूर्ण कोषको थालनी भाविमा सम्पूर्ण संस्थाका सेयर सदस्य ज्यू, सल्हकार ज्यूहरू, संचालक ज्यूहरू, सम्पूर्ण समितिलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अव हामीले सोचलाई परीवर्तन गर्नै पर्छ । संस्थाले नाफालाई होइन सदस्यका सुविधाहरूलाई जोड दिनु पर्छ ।

जय सहकारी !

....

सुरेन्द्रराज शर्मा

अध्यक्ष

सफल पाईला

पश्चिम नेपाल वचत तथा ऋण सहकारी संस्था लि.
म्याग्दी

साकोसको १३औं साधारण सभा (विस्तारीत वैठक)मा संस्थाका सचिव हरिप्रसाद पौडेलले पेश गरेको आ.व. २०७६/७७ को प्रगति तथा आ.व. २०७७/७८को निति तथा कार्यक्रम सहितको कार्ययोजना

तेह्रौ साधारण सभाका अध्यक्ष ज्यू, आदरणिय शेयर सदस्य ज्यूहरु, हाम्रो निमन्त्रणालाई स्विकार गरी समय ब्यवस्थापन गर्नुहुने प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु, नियामक निकायका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, वित्तिय साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विप्रेषण सेवा प्रदायक कम्पनीका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, सञ्चालक समितिका उपाध्यक्ष लगाएत पदाधिकारी तथा सहकर्मी सदस्य ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य ज्यूहरु, ऋण उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु, सातवटै सेवाकेन्द्रका सेवाकेन्द्र संयोजक तथा सदस्य ज्यूहरु, शिक्षा उपसमिति लगाएत विभिन्न विषयगत उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु, ब्यवस्थापक, विभागिय प्रमुख, सेवाकेन्द्र प्रमुखहरु लगाएत सम्पुर्ण कर्मचारी साथिहरु, पत्रकार मित्रहरु सवैमा संस्थाको तर्फवाट र मेरो ब्यक्तिगत तर्फवाट न्यानो सहकारी अभिवादन ब्यक्त गर्दछु । जय सहकारी ।

म्याग्दी जिल्लाको आधा भन्दा वढी भूभागको केन्द्र, दोस्रो ठूलो वजार क्षेत्र दर्वाङ्ग देशमा भैरहेको विषम परिस्थितिका कारण भएको सरकारी एउटा वैंक राष्ट्रिय वाणिज्य वैंक समेत सदरमुकाम खुम्चिएको अवस्थामा जिल्लाको समग्र पश्चिमि क्षेत्र लगाएत वाग्लुङ्ग र रुकुम समेतका नागरीकहरुको आर्थिक गातिविधि ठप्प वनेको अवस्थालाई मध्यनजर गरेर कार्यक्षेत्रभित्र सहकारी सेवा प्रवाह गर्दै समग्र नागरीकहरुलाई विप्रेशण सेवा उपलब्ध गराई वित्तिय परिचालनलाई सहज पुऱ्याउने उद्येस्यले स्थापीत संस्थाहरुले आम नागरीकको चाहना अनुरुप कार्य सञ्चालन गर्दै जाँदा तत्पश्चात जिल्लमा सञ्चालनमा रहेका विभिन्न समान लक्ष उद्येश्य राखेका अन्य सहकारी संस्थाहरु समेत एकिकरण भईनिर्माण भएको विशाल संरचना रहेको यस पश्चिम नेपाल वचत तथा ऋण सहकारी संस्थाको तेह्रौ साधारण सभा सञ्चालन हुन गैरहेको अवगत गराउन पाउदा गौरबान्वीत महसुस गरेको छु ।
वाह्रौ साधारण सभाको अवसरमा प्रकाशित सफल पाइला अंक १ मा संस्था स्थापना, एकिकृत संस्थाहरुका इतिहास, एकिकरणको आवश्यकता र औचित्य आदी वारेमा प्रस्ट पारिएको हुँदा आजको साधारण सभामा एक आर्थिक वर्षमा भए गरेका कृयाकलापहरु र आगामी लक्षहरुलाई नै प्राथमिकतामा राखेको छु ।

सहकारी आजको अवस्थामा आइपुग्न सहकारीमा आफ्नो समय खर्चने स्थापना काल देखि हाल सम्मका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, शिक्षा उपसमिति लगाएत विभिन्न विषयगत समितिका पदाधिकारी एवं सदस्य ज्यूहरु, सल्लाहकार समितिका सम्पुर्ण सदस्य ज्यूहरु, यस संस्थाका शेयर सदस्य ज्यूहरु सवैको उत्तिकै देन रहेको छ । संस्था स्थापना कालदेखि केही नजानेर त केही हेलचेक्र्याई नभएका होइनन् । विशेष गरी कर्जा प्रवाहमा गरिएका कमजोरीहरुले अहिले त्यसको प्रभाव देखाउन थालेका छन्, मुनाफा वितरण गराउने होडमा प्राप्त हुन वाकी ब्याजलाई पुँजीकृत गराउदै मुनाफा वितरण गर्दै गरिएका कारण आज विभिन्न समस्याहरु देखिन थालेका छन् । राम्रो को जस र गलत कार्यको अपसजस लिन पहिलो घेरामा वसेर काम गर्नुभएका सञ्चालक देखी ब्यवस्थापन

संचालक समिति लेखा समिति तथा अन्य क्रियाशिल उप समिति तथा कार्यदलहरुको विवरण

सञ्चालक समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	सुरेन्द्र राज शर्मा	अध्यक्ष	९८५७६२२०७७	८	दुर्गा प्रसाद बुढा	सदस्य	९८६५४८४५५५
२	भीमप्रसाद गौतम	उपाध्यक्ष	९८५७६२७७२५	९	सुबर्ण रिजाल	सदस्य	९८५७६४१४५७
३	हरिप्रसाद पौडेल	सचिब	९८५७६२१५९२	१०	देव बहादुर घले(गुरुङ)	सदस्य	९८४७६५१४०६
४	कृष्णप्रसाद आचार्य	कोषाध्यक्ष	९८५७६५५६६६	११	भीमप्रसाद आचार्य	सदस्य	९८०५१५०५६७
५	श्रीराम पौड्याल	सह-सचिब	९८६७९४९१३१	१२	मोतीलाल पौडेल	सदस्य	९८५७६५०५६१
६	मायादेवी शर्मा	सदस्य	९८४७६३३५५९	१३	प्रेम बहादुर बिश्वकर्मा	सदस्य	९८४७६०३१४७
७	हरिकला थापा	सदस्य	९८४७७३८५०६				

लेखासुपरिवेक्षण समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	रिम प्रकाश थापा	संयोजक	९८४७६११४३३	३	जालामया हमाल बुढाथोकी	सदस्य	९८४७६३३५७८
२	दिपक पौडेल	सदस्य	९८५७६२३९५९				

ऋण उप-समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	भिम प्रसाद गौतम	संयोजक	९८५७६२७७२५	३	दिवाकर सुबेदी	सदस्य	९८५७६२४४८५
२	कमलनाथ शर्मा	सदस्य	९८४७७३१०२०				

शिक्षा उप-समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	गिरिप्रसाद छन्त्याल	संयोजक	९८६७६०८८४७	३	बालकृष्ण उपाध्याय	सदस्य	९८४७६१०२०२
२	बालकृष्ण शर्मा	सदस्य	९८४७६४५३३६				

सल्हाहकार समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	मोतिराज उपाध्याय	संयोजक	९८५७६२३३७०	४	सन्तनाथ सुबेदी	सदस्य	९८५७६२३१४५
२	डम्बर बहादुर घर्ति	सदस्य	९८६७८८६३८८	५	ठहर बहादुर भण्डारी	सदस्य	९८५७६४०३१८
३	रामचन्द्रगौतम	सदस्य	९८५५०६३९०७				

मानब संसाधन(कर्मचारी)पदपूर्ति उप-समिति

क्र.सं	नाम थर	पद	सम्पर्क नं.	क्र. सं	नाम थर	पद	सम्पर्कनं
१	हरिप्रसाद पौडेल	संयोजक	९८५७६२१५९२	३	माया देवी शर्मा	सदस्य	९८४७६३३५५९
२	श्रीराम पौड्याल	सदस्य	९८६७९४९१३१				

समान खरिद उप-समिति

क्र.सं	नाम थर	पद	सम्पर्क नं.	क्र. सं	नाम थर	पद	सम्पर्कनं
१	कृष्णप्रसाद आचार्य	संयोजक	९८५७६५५६६६	३	मेघराज शर्मा	सदस्य	९८५७६३६९१६
२	प्रेमलाल कंडेल	सदस्य	९८५७६३९४९५				

धितो मुल्यांकन उप-समिति

क्र.सं	नाम थर	पद	सम्पर्क नं.	क्र. सं	नाम थर	पद	सम्पर्कनं
१	हरिप्रसाद पौडेल	संयोजक	९८५७६२१५९२	३	भीमप्रसाद आचार्य	सदस्य	९८०५१५०५६७
२	कृष्णप्रसाद आचार्य	सदस्य	९८५७६५५६६६				

प्रकाशन बिभाग/उप-समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	हरिप्रसाद पौडेल	संयोजक	९८५७६२१५९२	४	मोतिलाल पौडेल	सदस्य	९८५७६५०५६१
२	कृष्णप्रसाद आचार्य	सदस्य	९८५७६५५६६६	५	मेघराज शर्मा	सदस्य	९८५७६३६९१६
३	हरिकला थापा	सदस्य	९८४७७३८५०६				

प्रोबेशन कार्यदल

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	हरिप्रसाद पौडेल	संयोजक	९८५७६२१५९२	४	प्रेमलाल कंडेल	सदस्य	९८५७६३९४९५
२	कृष्णप्रसाद आचार्य	सदस्य	९८५७६५५६६६	५	सन्तोष शर्मा	सदस्य	९८५७६७०९७७
३	मायादेवी शर्मा	सदस्य	९८४७६३३५५९				

राफ साफ कार्यदल/उप-समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	कृष्ण प्रसाद आचार्य	संयोजक	९८५७६५५६६६	३	प्रेमलाल कंडेल	सदस्य	९८५७६३९४९५
२	श्रीराम पौड्याल	सदस्य	९८६७९४९१३१				

नीति.निर्देशिका तथा कार्यबिधि निर्माण (कार्यदल)उप-समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	हरिप्रसाद पौडेल	संयोजक	९८५७६२१५९२	३	श्रीराम पौड्याल	सदस्य	९८६७९४९१३१
२	कृष्णप्रसाद आचार्य	सदस्य	९८५७६५५६६६				

विनियम तथा नाम संसोधन कार्यदल/उप-समिति

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	भीमप्रसाद गौतम	संयोजक	९८५७६२७७२५	५	श्रीराम पौड्याल	सदस्य	९८६७९४९१३१
२	हरिप्रसाद पौडेल	सह-संयोजक	९८५७६२१५९२	६	देब बहादुर घले गुरुङ	सदस्य	९८४७६५१४०६
३	कृष्णप्रसाद आचार्य	सदस्य	९८५७६५५६६६	७	गणेश गुरुङ	सदस्य	९८४७७०३४०५
४	मायादेवी शर्मा	सदस्य	९८४७६३३५५९				

सेवाकेन्द्र संचालन उप-समिति (ताकमसेवाकेन्द्र)

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	ओमकार पौडेल	संयोजक	९८४७७५९०४५	४	रामनारायण फगामी	सदस्य	९७४११३५७८१
२	भक्त बहादुर पुन	सदस्य	९८४४४७७२३९	५	रदिका महत	सदस्य	९८६७७७७३७९
३	खुमनाथ आचार्य	सदस्य	९८६७६०८९४२				

सेवाकेन्द्र संचालन उप-समिति (बाबियाचौर सेवाकेन्द्र)

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	रेशम लाल सापकोटा	संयोजक	९८४७७५९०४५	४	भीमप्रसाद आचार्य	सदस्य	९८६६४०३९८०
२	श्री राम पौडेल	सदस्य	९८६७९४९१३१	५	परमानन्द बिस्वकर्मा	सदस्य	९८४७६३८९२४
३	प्रेमलाल पौडेल	सदस्य	९८०५२२८५८९				

सेवाकेन्द्र संचालन उप-समिति (तातोपानी सेवाकेन्द्र)

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	देव बहादुर घले	संयोजक	९८४७६५१४०६	४	राजाराम पौडेल	सदस्य	९८५७६२७९४९
२	लोकनाथ आचार्य	सदस्य	९८४७७९८७३२	५	तिलक बहादुर थापा	सदस्य	९८५७६३६०८८
३	मनकुमारी तुलाचन	सदस्य	९८४७७९८६४८				

सेवाकेन्द्र संचालन उप-समिति (बेनी सेवाकेन्द्र)

क्रम संख्या	नाम थर	पद	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
१	हरिप्रसाद पौडेल	संयोजक	९८५७६२१५९२	४	दामोधर शर्मा	सदस्य	९८५७६४२४३४
२	मोहन बरुवाल	सदस्य	९८५७६५२५४४	५	राजाराम पौडेल	सदस्य	९८५७६२१७७६
३	सुबर्ण रिजाल	सदस्य	९८५७६४१४५७				

तयार हुनुपर्छ र जहाँ सम्म विग्रेको छ त्यही रोकेर त्यहीवाट सच्याउन सुरुआत गर्नुपर्छ भन्ने मान्यता वोकेर वर्तमान सञ्चालक समिति र व्यवस्थापनले काम गरिरहेको छ ।
आर्थिक वर्ष २०७६/७७ मा सञ्चालित गतिविधिहरु :

१) संस्थाको वाह्रौ साधारण सभा एकिकरण सभा समेत भएको हुँदा वाह्रौ साधारण सभावाट साविकका प्रभु वचत तथा ऋण सहकारी संस्था लि. वावियाचौर, शिख वहुउद्येसिय सहकारी संस्था लि.घार एकिकरण गरिएको थियो । जसवाट सञ्चालक समितिमा केही हेरफेर गरिएको थियो ।

२) सहकारीका अन्तराष्ट्रिय मापदण्ड पालना गर्दै सहकारीताको भावना अनुरुप सञ्चालन गराउन, नेपाल सरकारले सहकारी ले पालना गर्नुपर्ने भनी ब्यवस्था गरेका ऐन कानुन कार्यविधिहरुको पालना गर्न, सहकारीको लक्षउद्येस्य अनुरुप सञ्चालन गर्न सहजिकरण गर्न संस्था वचत तथा ऋण सहकारी केन्द्रिय संघ (नेफ्स्कुन)मा आवद्ध हुनुका साथै गुणस्तर सुनिश्चितता गर्ने अन्तराष्ट्रिय मान्यता प्राप्त प्रोवेशन कार्यक्रममा आवद्ध भई कार्यक्रम सञ्चालन गरिएको छ ।

३) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति तथा कर्मचारीहरुहरुलाई सहकारी सम्वन्धी प्राविधिक ज्ञान निरन्तर उपलब्ध गराउन सकेमा मात्र सहकारीले गति लिन सक्ने भएको हुँदा नेफ्स्कुनको प्राविधिक सहयोगमा २०७६ मंसिर ७ देखी ९ सम्म कास्किको नौडाडामा संस्थागत विकास तालिम सञ्चालन गरिएको थियो ।

४) संस्थाको दैनिक कार्यसम्पादनको आधारमा संस्थाको प्रगती लक्षउन्मुख हुने र दैनिक कार्यालयका गतिविधिहरु सञ्चालन गर्न कर्मचारीहरु दक्ष हुनुपर्ने भएकोले कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिरहन आवश्यक भएको ले २०७६ मंसिर १४ गते वेनीवजारमा नेफ्स्कुनको प्राविधिक सहयोगमा कर्मचारीहरुको क्षमता विकास तालिम सञ्चालन गरिएको थियो ।

५) प्रोवेशन कार्यक्रममा आवद्ध भएको हुँदा नेफ्स्कुनवाट समय समयमा अनसाइट भिजिट गर्ने, आवश्यक सुझावहरु पेश गर्ने कार्य निरन्तर भइरहेको छ भने प्रोवेशनमा आवद्ध गण्डकी क्लष्टर दोस्रो मा अवद्ध रहेका साकोसहरु विच कार्यकुशलता तथा सिकाई ब्यवस्थापन कार्यशाला निरन्तर सञ्चालन हुदै आएको छ, त्यस कार्यशालामा तोकिएको ढाँचामा संस्थाको प्रगती पेश गरी समिक्षा गर्ने गरिएको छ, जसको कारण संस्था सञ्चालनमा थप चुस्तता को अनुभुति हुन थालेको छ ।

६) प्रत्यक तिन तिन महिनामा लेखापरिक्षक संस्थावाट लेखापरिक्षकहरुले साइट भिजिट गरी लेखामान वमोजिम लेखाप्रणाली चुस्त वनाउन सुझाव दिने ब्यवस्था गरिएको छ । जसवाट संस्थामा वित्तिय सुशासन कायम गर्न सहज भएको छ ।

७) सहकारी शिक्षा सञ्चालन ले नै सहकारीमा सदस्यहरु को वृद्धि हुने, सदस्यहरुले सहकारीमा कारोवार गर्ने दरमा वृद्धि हुने हुँदा सहकारी शिक्षा सञ्चालन गरिएको छ जस अन्तर्गत तातोपानी सेवा केन्द्र को अगुवाईमा वरंजामा एकदिने सहकारी शिक्षा सञ्चालन गरिएको थियो साथै सामाजिक सञ्जालवाट

समेत सहकारीका आधारभुत विषयवारे सदस्यलाई सचेतना जगाउन पश्चिम नेपाल साकोस फेसवुक पेज तथा समुह निर्माण गरी सो मार्फत समेत सहकारी शिक्षालाई अगाडी वढाइएको छ ।

८) सदस्यहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने निति अनुरुप साना किसान संगको सहकार्यमा ९ प्रतिशत ब्याजदरमा दुध र मासुजन्य उत्पादनमा लगानी गरी सदस्यहरुलाई ब्यवसायीकता तर्फ उन्मुख गराउन सहयोग गरिएको छ ।

९) अन्नपुर्ण गाउपालिका पोखरेवगर र रघुगंगा गाउपालिका भगवतीमा सेवाकेन्द्र सञ्चालन गरिए संगै म्याग्दी जिल्लाका ६ वटा स्थानिय तह मध्य ५ गाउपालिकामा १/१ वटा र बेनी नगरपालिकामा २ वटा सेवा केन्द्र गरी कुल सातवटा सेवाकेन्द्र सञ्चालन गरी कार्यक्षेत्र (म्याग्दी जिल्ला) भर सेवा विस्तार गरिएको छ ।

१०) एक आर्थिक वर्षमा ४ आर्थिक मसान्तहरु विशेष मानिने गरिएको हुन्छ त्यसमा पनी राज्यवाट प्रवाह हुने विकासका कार्यहरुले देशको अर्थतन्त्र चालायमान वनाउने हुँदा आर्थिक वर्षको तेस्रो आर्थिक मसान्त सुरुहुने महिनामा फैलिएको कोभिड १९ को महामारीका कारण विकास निर्माणका गतिविधि ठप्प रहयो, रेमिटान्स मा गिरावट आयो, मानिसहरु घरवाहिर समेत निस्कन नसक्ने अवस्था सृजना भयो यस परिवेशमा संस्थालाई निरन्तर सञ्चालन गर्न धौ धौ पर्ने अवस्था सृजना भयो, दैनिक गतिविधिहरु समेत सञ्चालन गर्न सकिएन, राज्यले कुनै ठोस निर्णय लिन नसेको र तत्काल तत्काल हुने निर्देशनलाई आधार मानेर हामिहरु सञ्चालीत हुनुपर्ने अवस्था को सृजना भयो । यस विषम परिस्थीतिमा समेत हामि अविचलित रहयौं,

कोभिड १९ को महामारीमा

क) लकडाउनले आम सर्वसाधारण गरिखाने वर्गलाई भोकै वस्न नपरोस भन्ने उद्येस्यले सञ्चालक समितको भर्चुअल वैठक वसी म्याग्दी जिल्लका सवै पालिकाहरुमा केही भएपनी सहयोग थप्ने उद्येस्यले रु १००००००० पालिकाहरुका राहत खातामा जाने गरी उपलब्ध गराइएको थियो ।

ख) आवश्यक स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर जिल्ला प्रशासनको स्विकृतीमा स्किृती प्राप्त दिनहरुमा काउण्टर खोलेर सेवाप्रवाह गरिएको थियो ।

ग) कोभिड १९ को महामारी विच सेवा प्रवाह गर्दा हुनसक्ने असहजतालाई ब्यवस्थापन गर्दै आवश्यकता अनुसार लिने दिने ब्याजदरमा समेत परिवर्तन गरी कार्यान्वयन गर्न सक्ने गरी महामारी (COVID-19) मा सहकारी सेवा व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७७जारी गरी लागु गरिएको थियो ।

११) साधारण सभाको म्याण्डेड अनुसार संस्थाको नाम संसोधन सहित विनियम पुर्नलेखन गरिएको छ ।

१२) संस्थालाई विधिसम्मत सञ्चालन गर्न आवश्यक पर्ने निति तथा कार्यविधिहरु मध्य मौजुदा नितिहरु आवश्यकता अनुसार संसोधन तथा नयाँ नितिहरु जारी गरी लागु गरिएको छ ।

१३) कर्मचारीहरुको मनोवल वृद्धि गरी कामका थप प्रभावकारीता कायम गर्न कर्मचारीको दुर्घटना बीमा लाई अगाडी वढाइएको छ साथै सञ्चालक समितिको समेत दुर्घटना बीमा गरीएको छ ।

१४) कर्मचारीको कार्यदक्षताका आधारमा उसको वृत्तिविकास, सेवासुविधा थपघट, पुरस्कार, दण्ड जरीवाना आदि गर्दै कर्मचारीको कार्यक्षमता वृद्धिहुन सहयोग होस भन्ने लक्ष सहित कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनको पद्धतिको थालनी गरिएको छ ।

१५) नेफ्स्कुन तथा राष्ट्रिय सहकारी वैंकमा शेयर वृद्धि गरीएको छ ।

१६) साधारण सभाको अवसरमा उत्कृष्ट कर्मचारी तथा उत्कृष्ट शेयर सदस्यहरुलाई सम्मान गरिएको छ ।

१७) आर्थिक वर्ष २०७५/०७६ को अन्त्यमा कुल २७१० जना शेयर सदस्य रहेकोमा आ.व. २०७६/०७७ मा शेयर सदस्य संख्या विस्तार भई ३११९ जना पुगको जानाकारी गराउदछु । र कुल शेयर रकम रु ९४८८८५००।०० (नौ करोड अठ्चालिस लाख अठासि हजार पाँचसय रुपैंयाँ मात्र) रहेको अवगत गराउछु ।

१८) समय समयमा पुर्व अध्यक्षहरु पुर्व एवं वर्तमान सल्लाहकार ज्यूहरु, संस्था संग सम्वद्ध विभिन्न क्षेत्रमा प्रतिष्ठामा रहनुभएका महानुभावहरु संग संस्थाको गतिविधि जानकारी गराउने तथा सुझावहरु लिने कार्य गरिराखिएको ।

१९) संस्थाले प्रत्यक वर्ष गर्दै आइरहेको क्यालेण्डर प्रकाशनलाई यसवर्ष समेत निरन्तरता दिदैं वर्ष २०७७को ६०० थान क्यालेण्डर गरिएको थियो। चैत्र २० गते भित्र क्यालेण्डर सदस्यहरुलाई पुऱ्याइसक्ने लक्ष लिइएको भएतापनी कोभिड १९ को कारण वैषाखको अन्त्यमा मात्र वितरण गरिएको भएतापनी म्याग्दी जिल्लामा नै पहिलो क्यालेण्डर वितरण भएको थियो ।

२०) कोरोना महामारीको कारण रोजगारी गुम्ने लगाएतका समस्यावाट उत्पन्न परिस्थीतिलाई केहि भएपनी सहज होस भन्ने उद्यस्यले सहकारीका आफ्नो कर्जाको ब्याज नियमित गरेका ऋणीसदस्यहरुलाई चैत्र वैषाख जेठ र असार सम्म करिव चारमहिनामा ब्याजमा छुट प्रदान गरिएको थियो यस्तो छुटवाट ८९५ जना ऋणी सदस्यहरुले लाभ लिन सफल भएका छन भने रु ८२५५५२।०० छुट गरिएको थियो ।

२१) निक्षप संकलन, ऋण लगानी तथा असुली, तोकिएका विभिन्न कोषहरुको व्यवस्था जस्ता सहकारीको अभिन्न अंगको रुपमा रहेका कार्यहरु नियमित सञ्चालन भइरहेका छन् ।

२२) सञ्चालक समितिको वैठक : कावु वाहिरको परिस्थितिवाहेक हरेक महिनाको ७ गते सञ्चालक समितिको वैठक केन्द्रिय कार्यालयमा वस्ने गरेको छ । गत साधारसभाको अवधि देखि यस साधारण सभाको अवधि २०७६ कार्तिक २३ देखी २०७७ मंसिर १० सम्मको अवधिमा १४ वटा वैठक मा १२५ वटा निर्णय गरी आवश्यक कार्य सम्पन्न गरिएको थियो । कोभिड १९ को महामारीको कारण भौतिक रुपमा उपस्थित हुन नसकिने अवस्था रहेको हुँदा २ वटा वैठकहरु प्रविधिको प्रयोग गरी सम्पन्न गरिएको थियो भने १२ वटा वैठकहरु भौतिक उपस्थितीमा सञ्चालन गरिएको थियो । हरेक वैठकहरुमा अघिल्लो वैठकको समिक्षा, भाखानाघेको ऋण, अघिल्लो महिनाको मासिक प्रगती वारे समिक्षा जस्ता नियमित एजेण्डामा छलफल गरी नयाँ विषयमा प्रवेश गर्ने गरिएको छ ।

२३) सहकारीले नीति तथा कार्यक्रम पेश नगरी कार्यक्रम तथा खर्च गर्न नपाईने सहकारी ऐन २०७४ को व्यवस्था अनुसार सहकारी इतिहासमा पहिलो पटक आ.व. २०७७/०७८ को नीति कार्यक्रम तथा वजेट निर्माण गरी सञ्चालनक समितिको मिति २०७७ असार ३ गतेको वैठक (असार ७, २०७७मा सूर्य ग्रहण लाग्ने भएकोले ३ गते सञ्चालन गरिएको) ले पास गरीएको थियो । सोहि आधारमा कार्यक्रम तथा खर्च सञ्चालन गरीएको छ साथै सोही नीति तथा कार्यक्रमका आधारमा साधारण सभामा कार्यक्रम तथा वजेट पेश गरिएको छ ।

२४) संस्थामा सवै व्यक्ति उत्तिकै जिम्मेवार हुनुपर्ने र नेतृत्व हस्तान्तरणमा समेत सघाउ पुग्ने भएकोले विभिन्न कार्य सम्पन्न गर्नको लागी विभिन्न उपसमिति तथा कार्यदल गठन गरी जिम्मेवारी प्रदान गर्ने गरिएको छ । सञ्चालनक समितिको वैठकवाट गठिन विभिन्न विषयगत उपसमितिहरु तथा कार्यदलको विवरण यसप्रकार रहेको छ ।

२५) सदस्य मैत्रि सेवा प्रवाहमा सहजता ल्याउने उद्येश्यले एसएमएस सेवा, मोवाइल वैंकिंग सेवा, विजुली, पानिको विल भुक्तानी सेवा, रिचार्ज सेवा सञ्चालन गरिएको छ ।

२६) ऋण असुली : क) वचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्य नै पैसाको खरीद विक्रि हो । पैसा खरीद विक्रिमा केही असहजताहरु त हुन्छन् नै, संस्थाको शेयर सदस्यले अन्य वैंक वित्तिय संस्थामा समेत आर्थिक कारोवार गर्ने, विकास वैंक तथा वाणिज्य वैंकहरुले सहकारीको तुलनामा कम ब्याजदरमा कर्जा प्रवाह गर्ने भएकोले आकर्षण विकास वैंक तथा वाणिज्य वैंकहरु तर्फनै रहने गरेको पाईन्छ । साथै एउटै सदस्य सहकारी तथा वैंकमा कर्जा कारोवार गरिरहेको अवस्थामा समेत जसरी वैंकमा कर्जा नियमित गर्छ त्यसैगरी सहकारीमा कर्जा नियमति नगरेको पाइएको छ हाल संस्थामा यस्ता प्रवृत्तिहरु पनी देखा परेका छन् यो सहकारीको लागी घातक अवस्था हो । यसलाई निराकरण गर्न व्यवस्थापकको सिफारिस अनुसार केही व्यक्तिहरुलाई कानुनि कार्यवाहीको लागी प्रकृया अगाडी वढाउने गरी सञ्चालक समितिको २०७६ पुष ७गतेको वैठकले निर्णय गरी अगाडी वढाइएको अवस्थामा कोभिड १९ को कारण स्थगित हुन पुगेको छ यसलाई अवस्था हेरिकन निरन्तरता दिइने छ ।

ख) सहकारी सदस्यको हितमा सञ्चालन हुनुपर्ने सिद्धान्तलाई अंगिकार गर्दै ऋणी सदस्यहरु विभिन्न कारण आर्थिक धारासायी भएको अवस्थाका कारण कर्जा चुक्ता गर्न नसक्ने परिस्थीति वनेको अवस्था रहेमा सदस्यको आर्थिक सामाजिक अवस्था विश्लेषण गरी सो को आधारमा सकेसम्म कम आर्थिक भार पर्ने गरी कर्जा मिलान गराई सदस्यहरुलाई राहत प्रदान गर्ने उद्येस्यले २०७६ चैत्र ७ गतेको वैठकवाट कोषाध्यक्ष कृष्ण प्रसाद आचार्यको संयोजकत्वमा सहसचिव श्रीराम पौडेल र व्यवस्थापक प्रेमलाल कडेल सदस्य रहेको अधिकार सम्पन्न कार्यदल गठन गरिएको छ । विडम्वना लकडाउनका कारण यो कार्यदलले सोचेअनुसारको कार्य अगाडी वढाउन सकेको छैन तथापी यस कार्यदललाई निरन्तरता दिइने छ ।

आर्थिक वर्ष २०७७/७८ को यस अवधिमा गरिएका तथा वाँकि अवधिमा सञ्चालन गरिने गतिविधिहरु :

१) मानव संसाधन व्यवस्थापन निर्देशिका २०७७ जारी गरी कर्मचारी समायोजन सम्पन्न गरिएको छ । कर्मचारीहरुलाई जिम्मेवारी हेरफेर तथा कार्यक्षेत्र हेरफेर गरी परिचालन गर्ने निति अनुरुप कर्मचारीहरुको जिम्मेवारी हेरफेर गरी आवश्यकता र औचित्यताको आधारमा सरुवा गरी जिम्मेवारी प्रदान गरिएको छ । यसलाई निरन्तरता दिइने र आवश्यकता अनुसार कर्मचारी थप व्यवस्था गरिने छ ।

२) दर्वाङ्ग केन्द्रलाई छुट्टै सेवाकेन्द्र वनाई केन्द्रिय कार्यालयको संरचना थप गरिएको छ ।

३) सञ्चालक समितिले आर्थिक दायित्व वहन गर्नु सुशासनका दृष्टीकोणवाट समेत उचित नदेखिने साथै व्यवस्थापन टिमलाई नै थप जिम्मेवार वनाएमा काममा चुस्तता आउने तथ्यलाई दृष्टिगत गरी आर्थिक दायित्व कर्मचारी व्यवस्थापनमा रहने गरी व्यवस्था मिलाईएको छ ।

४) गुणस्तर सुनिश्चितता कार्यक्रम प्रोवेशन कार्यक्रमलाई निरन्तर गरिएको छ ।

५) कार्यक्षेत्रको कुल जनसंख्याको ३० प्रतिशत शेयर सदस्य हुनुपर्ने सहकारी ऐन २०७४ मा रहेको व्यवस्थालाई कार्यान्वयन गर्दै लैजान चालु आ.व. मा ८५०० जना शेयर सदस्य पुऱ्याउने लक्ष राखिएको छ ।

६) समान कार्यक्षेत्रका समान उध्यस्य भएका सहकारीमा एक सहकारी एक सदस्य नितिलाई पालना गराउदै लगिने छ ।

७) सञ्चालनमा रहेका सातवटै सेवाकेन्द्रहरुको आवश्यकता अनुसार क्षमता वृद्धि गर्दै सदस्यमैत्री सेवा सञ्चालन गरिने छ साथै कार्यक्षेत्रभित्र र थप कार्यक्षेत्र समेटीने गरी सहकारीहरुलाई एकिकरण गर्दै जाने निति लिइने छ ।

८) अल्पकालिन तथा दिर्घकालिन रणनितिक योजना निर्माण गरी कार्यान्वयन गरीने छ । जिल्लाका अन्य सहकारीहरु संगको साझेदारीमा विशिष्टिकृत सहकारी संघ को गठन गरी ठुला योजना सञ्चालन गरिने छ ।

९) हालसम्म सानाकिसानको सहयोगमा प्रदान गर्ने गरिएको सहुलियत कृषि कर्जा लाई कार्यविधि निर्माण गरी ऋण निति वमोजिम संस्थावाट नै अनिवार्य लगानी गर्ने व्यवस्था मिलाइने छ । यसको सुरुआत गरिएको छ ।

१०) संस्थाको प्रगतिको वाधकको रुपमा रहेको खराव कर्जा विश्लेषण गरी नियतवस संस्थालाई हानि पुऱ्याउने सदस्य विरुद्ध कानुनिप्रकृया अवलम्वन गरी असुलउपर गर्ने कार्य अगाडी वढाइसकिएको मा यसलाई अझै दुर्त गति प्रदान गरिने छ । नयाँ ऋण लगानीमा खराव कर्जा कम गर्न ऋणको बीमा गर्ने कार्य अगाडी वढाइने छ ।

११) सदस्यहरुको हितलाई ध्यानमा राखी सदस्यहरुको दुर्घटना बीमा कार्यक्रम अगाडी वढाइने छ । साथै विभिन्न विपत्तिहरुवाट हुने क्षति कम कम गराई राहत प्रदान गर्न योगदानमा आधारीत विपद राहत कोष सञ्चालनमा ल्याइने छ ।

१२) सदस्यहरुलाई सकेसम्म छिटो र गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने संस्थाको दायित्व रहन्छ । सहयोगी निकाय, नियामक निकाय साझेदार निकाय संग नजिकको सम्वन्ध स्थापना गर्नु संस्थाको अपरिहार्य आवश्यकता हो यसको सहजताको लागी आवश्यकता अनुसार पहल कदमी लिइनेछ ।

१३)म्याग्दी जिल्लामा जिल्ला बचत तथा ऋण सहकारी संघलाई गतिशिल वनाउन, जिल्ला सहकारी संघको क्षमता विस्तार गर्न, प्राविधिक सहयोगको अपेक्षा राख्ने कार्यक्षेत्र भित्रका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक सहयोग गरिने छ साथै राष्ट्रिय सहकारी बैंकको शाखा स्थापनाको लागी आवश्यक पहलकदमी लिइने छ ।

१४) सदस्यहरुलाई सकहकारी शिक्षा प्रदान गर्ने कार्यलाई चुस्तता प्रदान गरिने छ । सहकारी शिक्षा प्रदान गर्ने कार्यका लागी स्थानिय तहहरुसंग सहकार्य गरिने छ ।

१५) संस्था स्थापना दिवस, राष्ट्रिय सहकारी दिवस, अन्तराष्ट्रिय सहकारी दिवस जस्ता दिवसहरु सामाजिक गतिविधि गरी सञ्चालन गरीने छ । साथै लक्ष्मि पुजा, दशै तिहार तिज विशेष कार्यक्रमहरु, शुभकामना आदान प्रदान नयाँवर्षको क्यालेण्डर प्रकाशन जस्ता कार्य नियमित गरिने छ ।

१६) वाह्रौ साधारण सभामा पास भएको उच्चशिक्षा छात्रवृत्ति कार्यक्रम कोभिड १९ को महामारी ले एसइइ परिक्षा नै स्थगित गर्नुपरेको अवस्था का कारण शिक्षामा परेको प्रभावका साथै अन्य विभिन्न समस्या का कारण अगाडी वढाउन नसकिएको हुँदा शैक्षिक सत्र २०७८ वाट कार्यान्वयनमा ल्याइने छ ।

१७) तपशिलका निति निर्देशिकाहरु तयार गरी सञ्चालक समितिको निर्णय अनुसार कार्यान्वयनमा रहेको हुँदा यस साधारण सभा वाट अनुमोदनको लागी प्रस्ताव गरिएको छ ।

क) पश्चिम नेपाल साकोस आर्थिक नीति -२०७६
ख) पश्चिम नेपाल साकोस वचत नीति -२०७६
ग) पश्चिम नेपाल साकोस ऋण नीति -२०७६
घ) पश्चिम नेपाल साकोस मानव संसाधन व्यवस्थापन नीति -२०७६
ङ) पश्चिम नेपाल साकोस संगठन तथा सामान्य नीति -२०७६
च) पश्चिम नेपाल साकोस सुशासन नीति -२०७६
छ) पश्चिम नेपाल साकोस महामारी (कोभिड १९) ब्यवस्थापन निर्देशिका -२०७७
ज) पश्चि नेपाल साकोस मानव संसाधन व्यवस्थापन कार्यविधी-२०७७
झ) पश्चिम नेपाल साकोस कर्मचारी सहुलियत ऋण कार्यविधि - २०७७

१८) तपशिलका निति निर्देशिकाहरु तयार गरी कार्यान्वयन गर्नुपर्ने भएकोले सञ्चालक समितिवाट पास गराइ लागु गर्ने अख्तियारीको लागी प्रस्ताव गरिएको छ ।

क) शेयर नीति
ख) स्थिर सम्पति आर्जन तथा ब्यवस्थापन नीति
ग) निर्वाचन नीति
घ) भाखा नाघेको ऋण असुलि नीति
ङ) हिसाव राफसाफ नीति
च) नगद व्यवस्थापन कार्यविधि
छ) विपद राहत कोष सञ्चालन कार्यविधि

१९) साधारण सभाको अवसरमा उत्कृष्ट कर्मचारी तथा उत्कृष्ट शेयर सदस्यलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ । अवको दिनमा शेयर सदस्यहरु मध्य नियमित शेयर सदस्य वचतमा कुनैपनी महिना वचत नछुटाई वचत गर्ने शेयर सदस्यहरु मध्यवाट थप कारोवारको आधारमा उत्कृष्ट छनौट गरिने छ ।

२०) शेयर सदस्यलाई सहकारीमा आफ्नो वित्तिय कारोवार गर्न प्रोत्साहित गर्न समय समयमा व्यजदर समायोजन गर्दै विकास वैंक तथा वाणिज्य वैंकहरुमा जानुपर्ने वाध्यता कम गर्दै लगिनुका साथसाथै चालु आ.व. २०७७/०७८ वाट संरक्षित पुँजी फिर्ता कोष कार्यान्वयनमा ल्याइने छ ।

२१) कर्मचारीहरुलाई संस्था प्रति जिम्मेवार वनाई सदस्य मैत्रि सेवा प्रवाह गर्ने प्रेरित गर्ने उद्येश्यले कर्मचारीहरुलाई स्थाई गर्ने, अनिवार्य विदाको सुविधा लागु गराउने, कर्मचारी दुर्घटना बीमा गर्ने, क्षमता अभिवृद्धि तालिमको व्यवस्था गर्ने कार्यको सुरुआत गरिएको छ यसलाई निरन्तरता दिइने छ । कर्मचारी सरल कर्जाकोव्यवस्थागरिनेछ ।

२२)संस्थालाई प्रविधि मैत्रि वनाउदै विश्वसनिय र पारदर्शि वनाउन आफ्नो वेबसाइट आजैको मिति देखि सञ्चालनमा ल्याइएको छ । साथै प्रथम चरणमा संस्थाको वेनी सेवा केन्द्रवाट एटिएम सेवा सञ्चालन गर्न आवश्यक प्रकृया अगाडी वढाइने छ ।

२३) सहकारीलाई अब्बल दर्जाको वनाई सदस्यमैत्रि सेवा प्रवाह गर्न सफल सहकारीहरुवाट सिक्नुपर्ने भएको हुँदा वर्तमान स्वास्थ्य समस्याको हल भएपश्चात सञ्चालक समिति तथा व्यवस्थापन टिमको अध्ययन भ्रमण गराइने छ ।

२४) पर्वत जिल्लाको आंशिक वा जिल्लाभर कार्यक्षत्र विस्तारको लागी गण्डकी प्रदेश भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा प्रस्ताव लान यस साधारण सभावाट स्विकृतिको लागी अनुरोध गर्दछु ।

२५) शेयर वृद्धि योजना अनुरुप २:१ (प्रतिव्यक्ति मौजुदा शेयरको ५० प्रतिशत) को अनुपातमा वढीमा प्रतिव्यक्ति ५००० कित्ता सम्म हुनेगरी शेयर थप गर्ने व्यवस्था गरिने छ । साथै श्रीमान र श्रीमती दुवैजनाको शेयर सदस्यता रहेको अवस्थामा दुइमध्य एकजनाको नाममा सवै शेयर कायम गर्न चाहेमा गर्न सकिने व्यवस्था गरिने छ ।

२६) शेयर सदस्यका परिवारमा हुनसक्ने भवितव्यमा राहत उपलब्ध गराउने उद्यश्यले सदस्यले प्राप्त गर्ने लाभांशवाट कट्टा हुने गरी दैनिक रु १ को साझेदारीमा संरक्षण हितकोषको व्यवस्था गरिने छ । यस साझेदारी रकम सदस्यले पाउनुपर्ने लाभांशवाट कट्टा हुने व्यवस्था गरिने छ । यस कोषमा कम्तीमा १०० कित्ता शेयर भएका सदस्यहरु सम्मलाई सहभागी गराईने छ ।

२७) वालवचत, जेष्ठनागरीक वचत, नारी/गृहिणी वचत मा सदस्यहरु आकर्षित गर्न योजनाहरु ल्याइने छ ।

२८) उपरोक्त कार्यक्रमहरु आजको साधारणसभाको वन्द सत्रवाट पासहुने विश्वास गर्दै तपशिलका प्रस्तावहरु छलफल गरी पास गर्नको लागी यस सम्मानीत साधारण सभामा पेश गर्दछु ।

क) आर्थिक वर्ष २०७६/०७७ मा तथा आ.व. २०७७/०७८ को कार्तिक महिना सम्ममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, विभिन्न विषयगत कार्यदल तथा उपसिमितिहरुले गरेका सम्पुर्ण निर्णयहरु आजको साधारण सभावाट अनुमोदन गरिदिनुहुन ।

ख) कोभिड १९ वाट उत्पन्न परिस्थिती को कारण तथा अन्य अत्यावश्यक कारण वाट ऋणी सदस्यहरुलाई गरिएको ब्यज तथा हर्जना छुट अनुमोदन गरीदिनुहुन ।

ग) आवश्यकता अनुसार सञ्चालक समितिको निर्णयवाट लागु गरिएका संस्थाका निति तथा कार्यविधि निर्देशिकाहरु अनुमोदन गरिदिनुहुन ।

घ) कर्मचारी समायोजनका अवस्थामा निर्देशिका वमोजिम ब्यवस्थापक लगाएतका अन्य कर्मचारीहरुको सुविधामा भएको हेरफेर लाई अनुमोदन गरिदिनुहुन ।

ङ) संस्थाको वेनी नगरपालिका ८ साविक अर्थुगे १ मा रहेको कि.नं.११२४ र क्षेत्रफल ०-१-२-१मा वनेको तिन तलाको आर.सि.सि. घर विक्रि गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

केन्द्रीय कार्यालय दरबाङमा कार्यरत कर्मचारीहरुकोविवरण

क्रम संख्या	नाम थर	पद/जिम्मेवारी	सम्पर्क नं.	क्रम संख्या	नाम थर	पद	सम्पर्कनं
हुनत सहकारी अभियान वि.सं. २०१३ सालमा वरवानसिंह सहकारीबाट शुरू हुदै सहकारी ऐन २०४८ संशोधन ऐन २०७४ ले नियमन गरिरहेको छ । साच्चि भन्नुपर्दा नेपालमा विकास सहकारी मध्यमबाटै संभव छ जस्तो लाग्छ किनकी हिजो गाँउ गाँउमा सहकारी गठन हुदाँ हामी सहकारी कर्मी सँग के को पुँजी थियो र? मुस्किलले २५-३० हजार पुऱ्याउनै धौ-धौ परेको थियो । तर, हुने रैछ त ! थोपा थोपा मिलेर समुन्द्र बन्छ भन्ने भनाई चरीतार्थ पश्चिम नेपाल बचत तथा ऋण सहकारीले गरेको छ अहिले/हिजो सोनियम छोडी गरीएका कमिकमजोरीले हामी धेरै पछि परेका रहेछौ, अहिल्यै सरकार तथा राज्यबाट ऐनमा सोनियम संगसंगै दण्ड जरीवाना, प्रोत्साहन सबैकुरालाई कडाईका साथ अगाडी बढाएपछि सहकारी ऐन, राज्यले तीन तहमा राम्रो ब्यवस्थापन गरेपछि ऐले सहकारी दर्ता गर्न जिल्ला, डिभिजन धाउन पर्दैन यो ब्यवस्था राज्यले स्थानीय तहमा गरेको छ । सुरूवातको समयमा हाम्रो संस्थालाई सोनियमको बाटो तयार गर्न धेरै आरोह, अपरोह अन्यौलता विभिन्न अल्झनहरू झेल्न परिरहेको थियो । यी परिस्थितिहरूमा पनि संस्थाले कुनै हिम्मत नहारी निरन्तर मेहनतको बाबजुत आज सही ठाउँमा उभिएको महसुस भएको छ । सहि ठाउँमा पुग्नका निम्ती १ जना होईन हामी सधै क्रियाशिल भै समन्वय र सहकार्य साथ अगाडी लाग्नु पर्दोरहेछ । हामीलाई थाहा छ गरिब र विपन्नता बाट मुक्ति पाउन् एकछिनको लडाई, एकछिनको काम गराईले पुग्दो रहेनछ भन्ने मैले-हामीले राम्ररी बुझेको हुनुपर्दो रहेछ, यसकारण गरिबि र विपन्नता, पछौटेपन, दलित, जनजाती, क्षेत्री, ब्राह्मण, महिला सबै जातीवर्गलाई उत्थान गर्न सहकारी अभियानबाट सम्भव रहेको देखिन्छ । हामीमा सबैक्षेत्रको विकास गर्न ०६३ साल चत्रै १८ देखि निरन्तर अगाडी बढेपनि उद्देश्यमा पुग्न अझै केही समय लाग्ने देखिन्छ । हिजोको कालमा स्थानियतहको सिप क्षमता ज्ञान, वुद्धि प्रयोग गर्दै सहकारी अभियान दरबाङ्ग सहकारीले सुरूवात गरेपनि अहिले समुहमा शक्ती हुन्छ दरबाङ्ग बचत तथा ऋण सहकारी, पश्चिम दरबाङ्ग बहुउद्देश्यीय सहकारी, फुलबारी बचत ऋण सहकारी सिंगा उपभोक्ता सहकारी, शिख व.उ. सहकारी, कामना बचत तथा ऋण सहकारी, प्रभु बचत तथा ऋण सहकारी संस्था, बावियाचौर बहुउद्देश्यीय सहकारी संस्था एकै ठाउँबाट उभिई म्याग्दीको पश्चिमी बेल्टको ब्यापारिक नाका दरबाङ्ग बजारलाई मूख्यालय बनाई कालीबेल्टको पोखरेबगर, मध्येम क्षेत्रको राखु भगवती, बेनी बजारको विरेन्द्रचोक, सिंगाको तातोपानी, बावियाचौरको बावियाचौर, धौलागिरीको ताकममा सेवाकेन्द्र कार्यालय खोली नेपालमामा भित्रीएका सबैखाले रेमिटेन्सको भूक्तानी र न्यून आर्थिक भएका बेरोजगार आर्थिक विकासमा क्षेत्रीय असमानता ब्यहोरेका ब्याप्त गरिविको चपेटामा परि देशलाई नै पछि पारिरहेका मुख्य अर्थतन्त्रलाई सुधार गर्नका निम्ती शेयर सदस्य विमा ब्यवस्थापन, युवा स्वरोजगार कार्यक्रम, भविष्यको साहार

सफल पाईला

। कार्यक्रममा सहभागिता ब्यवस्थापन मार्फत आम म्याग्दीबासी दाजुभाई, दिदी बहिनीलाई संगठित गराई देशको म्याग्दी जिल्ला भर आर्थिक सामाजिक र संस्कृतिक रूपान्तरण गर्न पश्चिम नेपाल बचत तथा ऋण सहकारी समेतले ठूलो योगदान पुऱ्याई रहेको मैले आभाष गरेको छु ।

यसैमा विगत बर्षदेखि पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाले केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) को सदस्य भएपछि साकोसका विशुद्ध रूपमा वित्तिय कारोबार गर्ने सदस्यहरूलाई सहकारी मूल्यमान्यता , सिद्धान्त, निती, विधि, प्रविधिको उच्चतम प्रयोग र संचालनको निम्ती मार्गदर्शन प्रदान गर्ने भएको हुँदा हाम्रो संचालक समिति, तथा प्रिय कर्मचारीहरूको मनोबल उच्च भै उत्साहकासाथ प्रोबेसन कार्यक्रमबाट पाएको प्रशिक्षणबाट प्राप्तज्ञानद्वारा संस्थामा नियमक निकायहरूबाट प्राप्त सुझाबहरूलाई कार्यान्वय गर्न केही हदसम्म संस्था सफल भएको र आगामी दिनमा पूर्ण सफल होस् भन्ने कामना गर्दछु । अन्तमा यसैगरी अब उप्रान्त हाम्रो सहकारीले नेफ्सुनको सदस्य हुँदैगर्दा हाम्रो संस्थासंग सहकार्य गर्दै आएका सयौं शेयर सदस्य र कर्जादाता, बचतकर्ताको लागि प्रभावकारी योजनाका साथ अगाडी बढाउन अनुरोध गर्दछु। साथै यशियाली मञ्च महासंघ विश्वऋण परिषद्बाट सस्तो ब्याजदरमा ऋण लिई हाम्रा ऋणीहरूलाई पनि अरू विकास बैंकको दाजोमा सुपथ ब्याजदरमा कर्जा प्रवाह गर्न सकोस् भन्ने अपेक्षा राख्दछु र लेखा समितिले दिएको सुझाब अक्षरस पालना होस भन्ने विश्वास राख्दै यो प्रतिवेदन यही अन्त भएको जानकारी गराउँदछु ।

धन्यवाद ! जय सहकारी

लेखा संयोजक : रिमप्रकाश थापा
सदस्य : जालमाया हमाल बुढाथोकी
सदस्य : दिपक पौडेल

सफल पाईला

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

मालिका गा.पा.-६, दरबाङ, म्याग्दी

ऋण उपसमिति मार्फत प्रस्तुत आ.व. २०७६/०७७ को प्रतिवेदन

गरिमामय साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथिगणहरू, सहकारीका सल्लाहकार ज्यूहरू, कार्यसमितिका पदाधिकारी ज्यूहरू, लेखा समितिका पदाधिकारीहरू, विभिन्न उपसमितिका पदाधिकारीहरू, कर्मचारी बर्गहरू र सम्पूर्ण सहकारीकर्मी महानुभावहरूमा सहकारी अभिवादन व्यक्त गर्दछु । साथै साधारण सभाको पूर्ण सफलताको शुभकामना दिन चाहन्छु ।

यस सहकारी आज स्थापनाको १४ औं वर्ष प्रवेश गर्दा संस्थाले अग्रगामी छलाङ मारेको सर्वविदितै छ । जिल्ला भरी कार्यक्षेत्र विस्तार गर्दै जानुले पनि संस्था प्रगति पथमा लम्किरहेको सजिलै अनुमार गर्न सकिन्छ । Covid 19 को विषम अवस्थामा साधारण सभा मार्फत ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गर्न गराइरहेको छु ।

संस्थामा शेयर सदस्यहरूको संख्यात्मक र गुणात्मक वृद्धि हुँदै जानु, चुक्ता पुँजी बढ्दै जानु, मूद्दती रकमहरू वृद्धी हुदै जानुले निश्चयपनि लगानीलाई वृद्धि गराउनु भन्ने बुझिन्छ । सदस्यले छिटो र झन्झटमुक्त तवरले कर्जा प्राप्त गर्नु, ऋण नितिलाई समय सान्दर्भिक परिमार्जन गर्दै जानु, आर्थिक पारदर्शिता, नेख्स्कुनमा जोडिनु संस्थागत सुधार का आकर्षक पक्ष हुन् । संस्थाले विविध शिर्षकहरूमा कर्जा प्रवाह गर्दा दुध तथा मासुजन्य पदार्थमा सहुलियतमा कर्जा दिएकाले कुषक सदस्यहरूको आय आर्जनमा वृद्धि भएको पाइएको छ र सुरक्षित लगानी पनि सावित भएको छ ।

कोभिड १९ को असरका कारण ब्याज तथा कर्जा असुलीमा समस्या देखिए तापनि आगामी दिनमा अवस्था सामान्य बन्ने देखिन्छ । सहकारी ऐन नियम र संस्थाको ऋण निति अनुसार आगामी दिनमा प्रभावकारी तवरले कर्जा प्रवाहमा तत्पर रहने विश्वास दिलाउँदै आ.व. २०७६/२०७७ मा ऋण उपसमितिले गरेका महत्वपूर्ण निर्णयहरू बुँदागत रूपमा उल्लेख गर्न चाहन्छु ।

१. ऋण स्विकृती र लगानी (बैठक संख्या १४)
२. ब्याजदर समय सापेक्ष समायोजन
३. ऋण लगानी गर्दा 5C को पालना
४. कर्जा तथा ब्याज असुलीमा ताकेता
५. ऋणिसंग भेटघाट, छलफल, घरदैलो र संचार स्थापित
६. मासिक प्रतिवेदन पेश
७. तरलता ब्यवस्थापनका लागि सुझाव
८. लगानीका सम्भावना क्षेत्र पहिचान
९. कार्यसमिति सेवा संयूक्त बैठक
१०. बैठक बाहेक अनौपचारिक छलफल
११. कार्य समितिमा महत्वपूर्ण सुझावहरू प्रस्तुत

सफल पाईला

आ.व. २०७६/०७७ मा कर्जा लगानी तथा असुली विवरण :

क्र.सं.	कर्जाको किसिम	लगानी रकम	असुली रकम	कैफियत
१	कृर्षि कर्जा	५९९,०००/-	४,००,००२/१४	
२	वैदेशिक रोजगार कर्जा	४९९,०००/-	१५,०३,९५४/४३	
३	ब्यापार कर्जा	७८,२५,०००/-	१,४५,३५,४००/२०	
४	मुद्धती कर्जा	२,४५,७७,१५०/-	२,४०,८४,७२९/१०	
५	घरजग्गा कर्जा	२८,९१,५०,३७१/-	२५,७२,१३,३५१/-	
६	सामूहिक जमानी कर्जा	१,००,०००/-	७,२२९/१७	
७	घर कर्जा	२८,११,०००/-	१,२३,६९,१८७/४९	
८	ओभर ड्राफ्ट कर्जा	२,९८,३८,८९६/-	२,७०,८९,८६४/६१	
९	विविध कर्जा	१,०८,७३,०१५/-	१,५८,२६,४३०/३०	
१०	पशुपालन कर्जा	९५,५०,०००/-	२८,७४,१२५/९१	
११	शेयर जमानी कर्जा	४,३०,९६,०५०/-	४,७४,२१,६४९/-	
	जम्मा	४१,८९,१९,४८३/-	४०,६८,१५,९४७/४२	

यस प्रकार सारमा भन्नु पर्दा आ.व. २०७६/०७७ मा कर्जो लगानीका विविध क्षेत्रहरूमा रू. ४१,८९,१९,४८३/- लगानी भएको देखिन्छ भने रू. ४०,६८,१५,९४७/४२ असुली भएको देखिन्छ । लगानी आ.व. २०७६/०७७ मा गरिएको भएता पनि यस भन्दा अघिललो आ.व.मा भएका केही लगानीको असुली समेत भएको छ । आ.व. २०७६/०७७ मा भएका लगानीहरू बहुवर्षिय समेत रहेका छन् । यसरी हेर्दा मिति २०७७/०३/३१ सम्म रू. १,२१,०३,५३५/५८ असुली हुन बाँकी देखिएको छ भने संस्था स्थापना देखि २०७६/०३/३१ सम्मको असुली हुन बाँकी कर्जा रकम रू. ४०,२१,४६,२१६/८६ रहेको छ । जय सहकारी ।

प्रतिवेदकहरू
अध्यक्ष : भिम प्रसाद गौतम
सदस्य : दिवाकर सुवेदी
सदस्य : कमलनाथ शर्मा
ऋण उपसमिति
पश्चिम नेपाल बचत तथा ऋण स. सं. लि.
२०७७/०९/०४

सफल पाईला

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

मालिका गा.पा.-६, दरबाङ, म्याग्दी

आर्थिक बर्ष २०७७/०७८ को लागि संचालक समितिबाट पास गरिएको नीति तथा कार्यक्रमहरु

संक्षिप्त पृष्ठभूमि :

यस पश्चिम नेपाल साकोस केन्द्रिय कार्यालय को नियमित बैठक एबं चालु आ.ब.०७६/०७७ को गतिबिधि तथा आगामी आ.ब.०७७/०७८ को नीति तथा कार्यक्रम सहित अनुमानित बजेट तर्जुमा छलफल बैठकमा उपस्थित हुनुभएका श्रीमान अध्यक्ष ज्यु, उपाध्यक्ष,सचिब,कोषाध्यक्ष,सह-सचिबसहित लेखासमिति सयोजक ज्यु सम्पूर्ण सञ्चालक ज्युहरु,लेखा समिति सदस्य ज्यु हरु सेवाकेन्द्र सञ्चालन उपसमितिका संयोजक ज्युहरु कर्जा प्रमुख,लेखा प्रमुख,एबं सम्पूर्ण सेवाकेन्द्रका प्रमुख ज्यु हरु लगायत उपस्थित सम्पूर्णमा संस्थाको ब्यबस्थापक प्रेमलाल कंडेल को तर्फबाट सहकारी अविभादन !

आजको यस नियमित बिषेश बैठकमा संस्थाको संछिप्त पृष्ठभुमि सहित आ.ब.०७७/०७८ को प्रस्तावित नीति कार्यक्रम तथा अनुमानित बजेट पेश गर्ने अनुमति माग्न चाहन्छु।

म्याग्दी जिल्लाको दोस्रो सदरमुकाम भनेर चिनिने साबिक १४ गा.बि.स.तथा हाल मालिका गाउँपालिकाको केन्द्र बिन्दु दरबाङ बजारमा मिति २०६३चैत्र ११ गतेका दिन तत्कालिन शेयर सदस्य हरुको अगुवाइमा दरबाङ बचत तथा ऋण सहकारी संस्था लि. को नाम बाट बिधिबत रुपमा डिभिजन सहकारी कार्यालय बाग्लुंगमा दर्ता भई २०६४ साल बैसाख ७ गते बाट औपचारिक कारोबार सुरुवात भएको यहाँ हरु समक्ष अबगत गराउन चाहन्छु।

तत्पश्चात आगाडी बढेका सहकारी अभियान का मुख्य-मुख्य गतिबिधियस प्रकार रहेका छन।

१)२०६८ सालमा तत्कालिन दरबाङ बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष श्री मोतिराज उपाध्यायको नेतृत्व कालमा धौलागिरी अंचल मा बचत तथा ऋण को कारोबार गर्ने सहकारीहरुमध्य उत्कृस्ट भई डिभिजन कार्यालय बाग्लुङ बाट सम्मानित।

२)२०७५ जेष्ठ २६ गते २०६५ सालमा पश्चिम म्याग्दी बहुउद्देश्य सहकारी संस्थाको नाम बाट दर्ता भई यसै दरबाङ बजार मा संचालित दर्बांग साकोस बीच एकीकरण भई पश्चिम दरबाङ बचत तथा ऋण सहकारी संस्था लि.को नाम बात एकिकृत कारोबार सुरु।

३)२०७५ कार्तिक देखि सहकारी एकीकरण अभियानमा यसै दरबाङ बजार मा संचालनमा रहेको फुलबारी बचत तथा ऋण सहकारी संस्था लि.का तत्कालिन अध्यक्ष श्री प्रेम बहादुर बिश्वकर्मा को पहलमा संस्थामा आबद्द गराई एकिकृत कारोबार गरियको।

४)२०७५ फाल्गुन २५ गते बेनी नगरपालिका ७ स्थित तत्कालिन शेयर सदस्य मोहन बहादुर खत्री को अध्यक्षतामा २०६६ सालमा दर्ता भएको कामना बचत तथा ऋण सहकारी संस्था लि. ,सोहि बर्ष बे.न.पा ४ स्थित चन्द्रा घलेको अध्यक्षतामा दर्ता भएको सिंगा उपभोक्ता सहकारी संस्था लि.र मंगला २ बाबियाचौरमा जालमाया हमाल (बुढाथोकी)को अध्यक्षतामा दर्ता कायम रहेको बाबियाचौर बहुउद्देश्यीय सहकारी संस्था लि. सहित ३ वटा संस्था हरुसंग एकीकरण पश्चात पश्चिम दरबाङ साकोस को नाम बाट बे.न.पा.८ बेनी बजार ,बे.न.पा.४ तातोपानी बजार र धौलागिरी ७ ताकम बाट सदस्य सेवाकेन्द्रको रुपमा बिस्तार सहित आर्थिक कारोबार सञ्चालन

सफल पाईला

५)२०७६ कार्तिक २३ गतेको साधारणसभा बाट एकीकरणकै चरणलाई बिस्तार गर्दै म्याग्दीको उत्तरी भेग अन्तर्गत अन्नपूर्ण गाउँपालिकाको शिख बहुउद्देश्यीय सहकारी र मंगला २ बाबियाचौर मा २०७१ सालबाट भिम प्रसाद आचार्यको नेतृत्वमा संचालन सुरु भएको प्रभु बचत तथा ऋण सहकारी संस्था लि.संग एकीकरण गर्दै बाबियाचौर तथा पोखरेबगर सेवाकेन्द्र को रुपमा कारोबार सुरु गरि सोहि साधारणसभामा साकोसको १२ बर्षे ईतिहासलाई समेट्दै सञ्चालक समितिका सचिब हरि प्रसाद पौडेलको संयोजकत्वमा सफल पाइला पुस्तक प्रकासन ।

६)म्याग्दी जिल्ला भित्र स्वीकृत पाएको पश्चिम दरबाङ साकोस लाई जिल्ला, प्रदेश,हुदै राष्ट्रब्यापी रुपमा परिचित गराउने उद्देश्य अनुरुप र यही चालु २०७६ को साधारण सभाको म्यान्डेट अनुसार उपाध्यक्ष श्री भिम प्रसाद गौतमको संयोजकत्वमा ७ सदस्यीय विनियम पुनर्लेखन तथा नाम संसोधन कार्यदलले तयार गरेको निर्णयलाई संचालक समितिको अनुमोदनमा गण्डकी प्रदेश पोखरा भुमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालय को २०७६/१०/०३ को पत्रानुसार पश्चिम दरबाङ साकोस लाई पश्चिम नेपाल साकोसको नाममा परिबर्तन स्वीकृति सहित रघुगंगा २ भगबतीमा सेवाकेन्द्र बिस्तार र संचालक समितिको निर्णयअनुरुप७ वटा नीतिहरु २०७६ तयार गरि लागु गरियको ।

७)२०७६ मंङ्गशिर ७ गते देखि ९ गते सम्म नेफ्स्कुनको प्राबिधिक सहयोगमा संस्थाका संचालक समिति,सेवाकेन्द्र उपसमिति, लगायत उच्च ब्यबस्थापनका कर्मचारीको सहभागितामा कास्कीको नागडाँडामा ३ दिनको आवासीय**संस्थागत विकास तालिम**को आयोजना गरिएको जसको सिकाई उपलब्धि मार्फत सञ्चालक तथा कर्मचारी लाई थप जिम्मेवारीर कामको सिकाई भएको थियो तेस्तै सोही महिनाको १४ गते बेनी बजारमा संस्थाका सम्पूर्ण कर्मचारी हरुलाई १ दिने **क्षमता अभिवृद्धि तालिम** प्रदान गरियको थियो ।

८)२०७६ को अन्तमा बिश्वब्यापी महामारीको रुपमा फैलिएको COVID-19 को असरबाट प्रभाबित संस्था र समुदायमा जिल्ला प्रशासन कार्यालयको सर्कुलेसन अनुसार संस्थाको केन्द्रीय कार्यालय लगायत सबै सेवाकेन्द्र हरुबाट अत्यावश्यक रहेको न्युनतम वित्तीय सेवा संचालन साथै,उपाध्यक्ष भीमप्रसाद गौतमको संयोजकत्वमा महामारी जोखिम ब्यबस्थापन कार्यदल गठन भई सो कार्यविधि अनुसार कार्यसंचालन ,विभिन्न प्रकारका भर्चुवल बैठक ,प्रोबेसन कार्यक्रम मा संस्थाको तर्फबाट प्रस्तुति सहित संस्थाका सञ्चालक समितिका पदाधिकारी लगायत ब्यबस्थापन टिम का कर्मचारी हरुलाई श्रव्यदृश्य सहितको ZOOM बैठकमा सहभागी हुने अवसर प्रदान गरियको थियो ।

संस्था स्थापनाकालदेखि हाल सम्म संस्थाले एकीकरण लगायत कार्यालय ब्यबस्थापन गर्दै सहकारी अभियान आगाडी बढाउदै गर्दा बिभिन्न **चुनौती** हरुको सामना गर्नु परेको थियो र सो समन्धमा बुँदागत रुपमा यहाँहरु माझ प्रस्तुत गर्न चाहन्छु ।

१,म्याग्दीको यस पश्चिम भेगमै एक हिसाबले भन्ने हो भने पश्चिम म्याग्दी बहुउद्देश्यीय सहकारी संस्था लि. र दरबाङ बचत तथा ऋण सहकारी संस्था लि.को एकीकरणनै सानो प्रयासले सम्भब भएको थिएन कार्यदल तथा संचालक समितिको निरन्तर १८ वटा बैठक मार्फत अन्तिम टुंगो

लगाइएको थियो तेस्तै प्रभु बचत संग एकीकरण गर्दा समेत निकै कठिन कोशिष र कसरत मार्फत एकीकरण भएको थियो।

२,एकीकरण को चरण तथा तत्पश्चात बिसेष कर्मचारीहरुको समायोजन तह स्केल निर्धारण लगायत ब्यबस्थापन गर्दा निकै अफ्ठ्यारो चुनौती सामना गर्नुपरेको र सो समन्धमा हिजो गरियका प्रयासहरुले मुर्त रुप लिदै गर्दा एकीकरण र समायोजनका सुरुको अभ्यास ले पनि हुन सक्छ एकीकरण भएका ८ वटा संस्थाका विभिन्न कोण तथा तह बाट समायोजनमा सहभागी गराईएका सम्पूर्ण कर्मचारी हरुको (सेवाअबधि,अनुभब,तत्कालिन आ-आफ्नो संस्थामा गरेका योगदान सहित एक खालको काम गर्दै आएको अभ्यास हरुलाई)एकरुपता कायम गर्न चुनौती भएको र आगामी दिनमा समेत सबै पक्ष लाइ समेट्दै(सम्पूर्ण कर्मचारीको वृत्तिविकास,कार्यसम्पादनमा ह्रास आई संस्थागत सुशासन तथा लक्ष्य लाई असर नहुने गरि)सुष्म रुपमा बिषयबस्तु हरुको गहिराईमा पुगेर ब्यबस्थापन गर्दै अगाडी बढ्न चुनौती पनि र साथसाथै टड्कारो आब्स्यकता रहेको छ।

३,संस्था एकीकरण गर्दा बाहिरी पक्ष जस्तै आन्तरिक आ-आफ्नो संस्थाको कम्प्युटरमा भएका डाटा तथा विवरण हरु माइग्रेसन गर्दा निकै चुनौती भएको तथा माइग्रेसन पश्चात प्रयोग गरियको सफ्टवेयर बाट रिपोर्ट मूल वासलात शिर्षक मिलेपनि(शेयर,सदस्य,बचतका प्रकार,मासिक रिपोर्ट,ऋण समन्धी रिपोर्ट, जिन्सी सामग्री तथा सम्पत्ति विवरण हरुको डिटेल,आम्दानी खर्च का शिर्षक हरु को बृस्तृत विवरण रिपोर्ट प्राप्त गर्दा एकरुपता नभई साबिक आफ्नो संस्थाको सबै शिर्षकहरुमा कारोबार देखाउने,सफ्टवेयर बढी ब्यस्त देखाई समयमा रिपोर्ट प्राप्त नहुने र संस्थागत रिपोर्ट/प्रतिबेदन तयार गर्दा नियमक निकाय हरु (नेफ्स्कुन/प्रोबेसन,सानाकिसान,सहकारीबिभाग,लेखापरीक्षक,लेखासमितिलगायतसंचालसमिति हरुकोलागि)पठाउनुपर्नेमासिक/त्रैमासिक/अर्धबार्षिक/बार्षिक रिपोर्टतयारगर्दा लामो समय लाग्ने तथा एकरुपता ल्याउन निकै चुनौती रहेको छ।

४, संस्थाले एकीकरणको चरण पार गर्दै विभिन्न संस्थाबाट हिजो प्रतिनिधित्व गरेका संचालक हरुलाई एकै ठाउँमा ल्याउन तथा सञ्चालक समिति,उपसमिति हरुमासमायोजन गर्दा कोहि भित्रिनुपर्ने कोही बाहिरीनुपर्नेअवस्था कोसदस्यहरुमा पर्न गएको अफ्ठ्यारो पनको आभासनिकै चुनौतीपूर्णरहेको थियो।

५,कतिपय संस्था संचालनको क्रममाहिजो तथा स्थापनाकालमा गरियका ऋण लगानी समन्धी कतिपय फितलो तथा एकल निर्णयको दुरगामी प्रभाब कायम भई पुराना ऋण हरु निकै जोखिममा रहेको र हाल सो कर्जाको ब्याज तथा साँवा अशुलि हुन नसक्नु निकै चुनौती रहेको छ।

६,बिगत करिब २ बर्ष को अन्तरालमा यस संस्थाको सेवाकेन्द्र बिस्तार तथा भौतिक रुपमा ७ वटा सेवाकेन्द्र सहित जिल्लाव्यापी उपस्थिति हुदै गर्दा दरबाङ केन्द्रीय कार्यालयको स्पस्ट मोडालिटी तयार भैनसकेको र २ बर्ष आगाडिकै दरबन्दी अनुसारका केही कर्मचारीहरु लाई थप विभागीय जिम्मेबारी दिई केन्द्रीय कार्यालयको शाखा समेत हेर्नेगरी कार्यसम्पादन गर्नुपरेको, जसबाट संस्थाले आन्तरिक शाखाहरु लाई ऐन नियम, विनियम, नियमावली तथा कार्यविधि अनुरुप मार्ग निर्देशन सुपरिवेक्षण/समन्वय/अनुगमन/जिन्सी तथा प्रशासननिक ब्यबस्थापनमा

अभ्यासहुदै आएपानी स्पष्ट जनशक्ति को अभावमा परिणाममुखी ढंग बाट अगाडी बढ्न निकै चुनौती खेप्नु परेको छ।

७,माथि उल्लेख गरियका चुनौती संगसंगै टड्कारो रुपमा २०७६ सालको फाल्गुण को अन्तिम बाट नेपाल मा समेत असर परेको (बिश्व ब्यापी रुपमा फैलिएको COVID-19)को महामारीबाट देश लकडाउन भएको र सो बाट सम्पूर्ण समुदाय तथा संस्थामा आबद्द सदस्यहरुको दैनिकी,जीबनयापन सहित संस्थागत कारोबार अझ बिसेष कर्जा र ब्याज अशुली सहित नयां लगानीमा मा प्रत्यक्ष असरको कारण संस्थाको गतवर्षको अपेिक्ष नतिजा तथा मुनाफा हासिल गर्न तथा आगामी बर्षको योजना निर्माणमा गम्भीर चुनौती थपीएको छ।

यसै गरि संस्था ले यस अबस्था सम्म आईपुग्दा बिभिन्न चुनौती हरुको बाबजुद हासिल गर्न सफल भएका सफलता का केहि बुदा हरुलाई प्रकाश पार्न चाहन्छु।

१,करिब २ बर्ष अगाडी संस्थाको कार्य क्षेत्र मालिका गाउँ पालिका र धौलागिरी र मंगला गाउँ पालिका को १-१ वड़ा रहेकोमा संस्थाको अध्यक्ष सुरेन्द्रराज शर्मा ज्युको बिसेष पहल र सक्रियतामा हाल म्याग्दी जिल्ला भर कार्य क्षेत्र कायम भई कारोबार मा सफलता।

२,म्याग्दी जिल्लाका न्युन आय भएका कृषक सेयर सदस्य हरुलाई निजको साबिक आय स्तरबाट अलि माथि उकासी ब्यबसायीक आय आर्जन गर्न सक्षम गराउने हेतुले ९% ब्याजदरमा दुध तथा मासु जन्य सहुलियत कर्जाको ब्यबस्था गर्न सफल।

३,संस्थाको आर्थिक सांगठनिक सदस्यमुखी व्यावसायिक कारोबारमा नेपाल सरकार भुमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालय, बिभाग, बिषयगत संघ लगायत नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कुन अन्तर्गत को प्रोबेसेन कार्यक्रम तथा मार्गनिर्देशन अनुरुप बिगत बर्षको तुलनामा क्रमशः दक्षता हासिल गर्न सफल।

४,म्याग्दी जिल्लाको सबै स्थानीय तह हरुमा सेवाकेन्द्र बिस्तार गर्दै जिल्ला भरका प्रत्येक सदस्य हरुलाई आ-आफ्नो पायक पर्ने स्थानीय तह हरुका केन्द्र हरुबाट प्रत्येक अन्तर सेवाकेन्द्र कारोबार सहित सदस्य सेवा दिन सफल ।

अन्तमा माथि उल्लेखित चुनौति तथा केही सफलताको बाबजुद पनि संस्थालाई यो अबस्था/उपलब्धिको चरण सम्म ल्याई पुराउन संस्था स्थापनाकाल देखि आ-आफ्नो ठाउँ बाट योगदान गर्दै आउनुभएका सम्पूर्ण सदस्य, सञ्चालक समिति,सहित विभिन्न समिति, उपसमिति का पदाधिकारी ज्युहरु तथा बिभिन्न जिम्मेबारीमा रही कार्यसम्पादन गर्दै आउनुभएका उच्च ब्यबस्थापन टिम सहित सम्पूर्ण कर्मचारी हरु प्रति व्यक्तिगत तथा संस्थागत रुपमा हार्दिक आभार प्रकट गर्दै,

आगामी आ.ब.०७७/०७८ को प्रस्तावित नीति तथा कार्यक्रम लाई अगाडी बढाउन गैरहेको छु।

सहाकारी ऐन २०७४,सहकारी नियमावली २०७५,सम्पत्ति शुद्दिकरण निवारण ऐन २०६४ र सो समन्धी सहकारी बिभाग ले सहकारी हरुलाई जारि गरेको निर्देशिका २०७५,संस्था संचालन गर्न बनेको विनियम तथा संस्थागत नीतिहरुको अधिनमा रही प्रचलित नेपाल कानुन ले दियको अधिनमा रही संस्थाले आगामी आ.ब.मा देहायका कार्यक्रम हरु गर्नेछ।

सफल पाईला

१) संस्थागत विकास समन्धी योजना

"बृहत संस्था निर्माणका लागि अधिक सदस्य" हाम्रो मूल मन्त्र रहने छ। यसका लागि संस्थाको सदस्यता प्रदान गर्ने प्रक्रिया लाई सरलकृत र प्रभावकारी बनाइने छ। सदस्य बृद्दी का लागि सबै सेवाकेन्द्र कार्यालय तथा सबै सञ्चालक समिति र कर्मचारी लाई जिम्मेबारि प्रदान गरिने छ। जस अनुसार शिर्षकगतरुपमा योजना हरु निम्नानुसार रहेका छन

क) सदस्य बृद्दी योजना

कार्यालय/सेवा केन्द्र	हालको सदस्य संख्या(असार १० गतेलाई आधार मानेको)	थप गर्ने सदस्य संख्या	बर्षान्तमा पुग्ने सदस्य संख्या	कैफियत
दरबाङ	३९१६	३५०	४२६६	
बाबियाचौर	१२८३	२००	१४८३	
तातोपानी	२९६	१००	३९६	
बेनी	६७७	२००	८७७	
भगबती	१०७	३००	४०७	
पोखरेबगर	१२१	२५०	३७१	
ताकम	५१२	१५०	६६२	
जम्मा	६९१२	१५५०	८४६२	

सदस्य बिस्तार रणनीति :-

√संस्थाको स्थापना दिबस/साधारणसभा/बिबिध पर्बमा प्रवेश सुल्क छुट दियर।

√ ऋण लगानी गर्दा शेयर सदस्य थप गरेर।

√"म र मेरो साथि संग संगै पश्चिम नेपाल साकोस" मा भन्ने नारा लियर।

ख) शेयर पुंजी बृद्दी योजना

संस्थामा आबद्द सबै सदस्य हरुमा "मेरो संस्था मेरो स्वामित्व" को भाबना को विकास गरि कम्तिमा शेयर पुँजीको ..... प्रतिसत सम्म मात्र शेयर खरिद गर्न सकिने छ। प्रति कित्ता शेयर को मूल्य रु.१००/-रहने छ। संस्थाको शेयर बर्ष भरिनै खुल्ला रहने छ भने शेयर मा लाभांस दैनिक मौज्दात को आधारमा गणना गरि वितरण गरिने छ। कुनै प्राकृतिक बिपत्ति,महामारी वा अन्य कारणबाट संस्थामा नोक्सानी बिधमानरहेमा शेयर को १०० अंकित मूल्य घट्न सक्ने छ। शेयर पुंजी बृद्दी को देहायबमोझिम लक्ष्य निर्धारण तयार गरियको छ।

कार्यालय/ सेवाकेन्द्र	हाल कायम रहेको शेयर पुंजी(असार १० गतेलाई आधार मानेको)	थप गर्नुपर्ने शेयर पुंजी	बर्षान्तमा पुग्ने शेयर पुंजी (सबै कार्यालयमा १०.८५% ले बृद्दी गरिने छ)
दरबाङ	४१४६६४००	३५३३६००	४५००००००
बाबियाचौर	२३६२१८००	१२७८२००	२४९०००००
तातोपानी	४०३२०००	१६१२०००	५६४४०००
बेनी	१८९३०८००	२०६९२००	२१००००००
भगबती	७५३०००	२५०००००	३२५३०००
पोखरेबगर	२३६८४००	३८१६००	२७५००००
ताकम	३१८८४००	१११६००	३३०००००
जम्मा	९४३६०८००	११४८६२००	१०५८४७०००

माथि जे सुकै लेखिएको भयता पनि सो भन्दा बढी सेयर राख्न इच्छुक सदस्यले निश्चित प्रक्रिया को आधारमा बढी नै राख्न सक्नेछन /

शेयर पुंजी बिस्तार रणनीति :-

√नयाँ सदस्य थप गरेर

√कम्तिमा ३३% सदस्य लाई औषत शेयर खरिद गर्ने ब्यबस्था गरेर।

√ऋण लगानी गर्दा शेयर थप गर्ने प्राबधान लागु गरेर।

√मुनाफा बढी गरि लाभांस दरमा बृद्दी गरेर।

ग) बचत/ निक्षेप बृद्दी योजना :-

"गुण स्तरीय जिबन र सुनिस्चित भबिस्यका लागि बचत "संस्थाको मूल मन्त्र रहने छ।

मानिस को जन्म देखि मृत्यु सम्मको क्रियाकलाप हरुको लागि बचत उत्पादन को विकास गरि ति उत्पादन हरुमा सदस्य हरुको सहभागीता बृद्दी गर्दै सम्पूर्ण बचत निक्षेप को कारोबार लाई यस संस्था संग मात्र गराउन का लागि प्रोत्साहन गर्दै देहाय बमोझिम को रणनीति बाट बचत बृद्दीमा लक्ष्य निर्धारण गरियको छ।

कार्यालय/सेवाकेन्द्र	हाल कायम रहेको निक्षेप (असार १० गते लाइ आधार मानेको)	थप गर्नुपर्ने निक्षेप	बर्षान्तमा पुग्ने निक्षेप (२४.७९ % ले बृदि गरिने छ)
दरबाङ	२७४५३४०६३	३५४६५९३७	३१००००००
बाबियाचौर	७६०९१९८५	२३९०८०१५	१०००००००
तातोपानी	२००५७७२१	१४९४२२७९	३५००००००
बेनी	७१७१८८२७	२६२८११७३	९८००००००
भगबती	३२४९३७५	२१७५०६२५	२५००००००
पोखरेबगर	५५०२८१९	२०४९७१८१	२६००००००
ताकम	२५६५२२२५	१४३४७७७५	४०००००००
जम्मा	४७६८०७०१९	१५७१९२९८१	६३४०००००००

निक्षेप बृद्दीगर्ने रणनीति :-

√ हाम्रो संस्थामा नियमित बचत गर्ने सदस्य संख्या ०.३% मात्र भएकोले आ.ब.०७७/०७८मा यस लाई बढाएर कम्तिमा कुल सद्स्यको हाल लाई ७५ %नियमित बचत गराएर।

√ एक जना सदस्य लाई कम्तिमा तिन वटा बचत योजना मा समाबेश गराएर।

√ बढी बचत गर्ने सदस्य लाई सम्मान गरेर।

√ प्रतिसप्रर्धि मूल्य निर्धारण गरेर।

√ रेमिटेन्स मार्फत भित्रिएको रकमलाई बचतमा रुपान्तरण गर्न सदस्यहरु लाई प्रोत्साहन गरेर।

ग) सदस्य हरुलाई ऋण लगानी बृद्दी योजना :-

"ऋण मार्फत उधमशिलता र उधमशिलता मार्फत आत्मनिर्भरता"लाई संस्थाले आत्मसाथ गर्दै सदस्य हरुको आर्थिक हैसियत उधमशिल क्षेमता काम प्रतिको रुची र अनुभब वित्तीय बुझाई र अनुसासन जस्ता कुरा हरुको आधारमा हुदाँ खाने बर्गका सदस्य हरुलाई हुने खाने र हुने खाने बर्गका सदस्य हरुलाई सम्वृद्धि गराउने गरि ऋण सेवा हरुको विकास गर्दै बास्तबिक पुँजीको अभाबमा उधमशिल बन्न बाट रोकिएका सदस्य हरुको उत्थानका लागि रणनीति मार्फत सदस्य हरुलाई ऋण लागनी बृद्दी गरिने छ।

कार्यालय/सेवाकेन्द्र	हाल कायम रहेको ऋणलगानी	थप गर्नुपर्ने ऋणलगानी	बर्षान्तमा पुग्ने ऋण लगानी (२९.५६ % ले बृदि गरिने छ)
दरबाङ	२४८१९९९४५	५१८०००३५	३०००००००
बाबियाचौर	६१३१४९९५	२८६८५००५	९०००००००
तातोपानी	१२०००८५४	१७९९९१४६	३०००००००
बेनी	६१६९२७४६	३८३०७२५४	१०००००००
भगबती	००००	२०००००००	२०००००००
पोखरेबगर	१५४०८१९	८४५९१८१	१०००००००
ताकम	२३७९२१७८	११२०७८२२	३५००००००
जम्मा	४०८५४१५३९	१७६४५८४६१	५८०००००००

ऋण लगानी बृद्दीगर्ने रणनीति :-
√ नयाँ ऋण लगानी थप गरेर।
√ प्रतिसप्रर्धि मूल्य निर्धारण गरेर।
√ असल ऋणी सदस्य लाई असल ऋणी परिचय पत्रप्रदान गरेर।
√उत्क्रिस्ट ऋण कारोबार गर्ने सदस्य लाई सम्मान गरेर।
√ बाहिरी बिभिन्न संघ-संस्था बाट कर्जा लिई सदस्य लाई सहुलियत ब्याजमा कर्जा प्रदान गरेर।

घ) संस्थागत पुंजी बृद्दी योजना :-

"दिगो साकोस का लागि अधिकतम् संस्थागत पुंजी "संस्थागत आकांक्षा रहनेछ। सदस्य सेवाको स्तर बृद्दिका लागि सञ्चालन गरिने कार्यक्रम हरुको प्रभावकारिता बिकास र सदस्य सन्तुष्टि बृद्दी का लागि संस्थागत पुंजी अपरिहार्य शर्त हो ।संस्थागत पुँजीमा रहेको रकमको परिचालन सहुलियतपूर्ण कार्यक्रम हरुमा परिचालन गरि हुदाँ खाने सदस्य हरुलाई हुने खाने वर्ग मा ल्याउने रणनीति लाई आत्मसात गर्दै संस्थागत पुंजी बृद्दी को लक्ष्य निर्धारण गरियको छ।
संस्थागत पुंजी बृद्दीगर्ने रणनीति :-
√ मुनाफा बृद्दी गरेर।
√ खर्च भएर जाने कोष हरुबाट खर्च पश्चात रहेको बाकि रकम बर्षान्तमा जगेडा कोष मा सारेर।
√ स्थिर सम्पत्ति बिक्रि बाट प्राप्त रकम लाई जगेडा कोष मा राखेर।

ङ) बाहिय ऋण बृद्दी योजना:-

"आवस्यकता को आधारमा ऋण सेवा,संकट को बेलामा सञ्जाल को भरोसा "भन्नेनारा लाई मध्यनजर गरि संस्थाको तरलता ब्यबस्थापन गर्नका लागि र कृषक हरुलाई कृषि पेशा मा उत्प्रेरित गर्नबाह्यऋण लिने नीति लिईने छ ।जसमाऋण लिन सकिने सम्भाव्य बैंक साना किसान विकास लघु बित्त वित्तीय संस्था लि.र सहकारी मन्त्रालय बाट ५ करोड ऋण माग गरि सदसयहरुलाई सहुलियत ब्याजदरमा ऋण लगानी गरिने छ।

च) नविनतम प्रबिधि विकास योजना:-

"नविनतम प्रबिधि संस्थाको टेवा,हात-हात र घर-घर बाट वित्तीय सेवा "भन्ने नारालाई मध्यनजर गर्दै संस्थाको सेवा संचालन लाई प्रबिधि संग जोड्दै प्रभावकारी,विश्वासिलो भरपर्दो र समय सापेक्ष बनाउन का लागि प्रतिस्प्रर्धी हरुले प्रयोग गरेका वित्तीय बजार मा प्रयोग भएका प्रबिधि हरुलाई संस्थामा अबलम्बन गरिने छ।
√ इन्टरनेटबैंकिंग वा मोबाईल बैंकिंग लाई थप प्रभावकारी गराइने छ।
√ QR code सर्भिसको लागि सफ्टवेयर कम्पनि संग छलफल गर्दै प्रक्रिया अगाडी बढाइने छ।
√ केन्द्रीय कार्यालय तथा बेनी सेवाकेन्द्र बाट **ATM** सेवा सुरुवातगर्नको लागि सम्बन्धित निकायको
प्राबिधिक सहयोगमा पहल अगाडी बढाइने छ।

√संस्थाले प्रयोग गरेको सफ्टवेयरको गहन रुपमा अध्यन गरि ब्यबहारिक रुपमा कारोबार बिस्तार हुदै जादा सफ्टवेयरले प्रदान गर्ने कार्यसम्पादनको प्रभावकारिताको आधारमा बैकल्पिक सफ्टवेयर हरुको खोजि गर्ने र परिबर्तित गर्ने योजना गराइने छ।

छ) प्रभावकारी सूचनाका लागि सुचना प्रविधिको विकास योजना:-

"सदाचारयुक्त ब्यबहार प्रविधिमा आधारित सुचना र सरोकार"लाई आत्मसात गर्दै संस्थाले नियमित रुपमा प्रकाशन र प्रसारण गर्नु पर्ने सुचनालाई प्रभावकारी बनाउदै सबै सदस्य हरुमा सुचनाको पहुँच विस्तारका लागि देहायका योजनाहरुलाई संस्थाको सुचना प्रदान गर्ने औजारको रुपमा विकास गरिने छ । साथै सदस्यहरुलाई सहकारी अभियान सहकारी एेन नियम र संस्थाको गतिबिधि तथा आर्थिक क्षेत्रको गतिबिधि लाई सुसूचित गराउन का लागि संस्थाभित्र सबै सदस्यहरुको पहुँच पुग्ने गरि सुरुवाती चरणमा प्रधान कार्यालय दरबाङ र बेनी सेवाकेन्द्र मा पुस्ताकालय निर्माण तथा संचालन गर्ने योजना अगाडी बढाइने छ। साथै संस्ठाको वेबसाइट पनि निर्माण गरिने छ।

ज) संस्थागत सञ्चालन क्षमता बिकासका लागि सहकारी एकीकरण योजना:-

कार्यक्षेत्र भित्र उद्देश्य मिलेका,समुदायमा आधारित भएर संचालनमा रहेको,कुनै पनि वित्तीय क्षति नबेहोरेको र सदस्यहरुको दोहोरोपना देखियका अन्य सहकारी हरुसंग (प्रतिष्पर्धी र गुण स्तरीय सेवा प्रबाहका लागी भाई चारा र एकता भन्ने मूल मन्त्र का साथ एकीकरण का लागि जिल्ला भित्र र जिल्ला बाहिर का सहकारी हरुसंग एकीकरण का लागि आवस्यक पहल गर्दै सेवाकेन्द्र बिस्तार योजना अगाडी बढाइने छ।

झ) सामाजिक उत्तरदाइत्व बातावरण/सांस्कृतिक संरक्षण कार्यक्रम सुरु योजना :-

सामाजिक उत्तरदाइत्व समन्धी कार्यक्रम अन्तर्गत समुदाय प्रति चासो सहकारीको एक सिद्दान्त हो। ।यससिद्दान्त लाई आत्मसात गर्दै समुदाय का लागि केही गर्नुपर्छ भन्ने उद्देश्य का साथ निम्न कार्यक्रम हरु गरिने छन।

√ संस्था स्थापना दिबस चैत्र ११ गतेका दिन बेनी सेवाकेन्द्र को अगाडी नेपाल रेडक्रस सोसाइटी र जिल्ला अस्पताल बेनी को सहकार्य मा रक्तदान कार्यक्रम संचालन गरिने छ।

√ अति बिपन्न र गरिब शेयर सदस्य हरुलाई पहुँच पुग्ने गरि २०७७ /८/१३ शनिबारका दिन ताकम माध्यामिक बिद्यालय को खेल मैदान मा १ दिने स्वास्थ्य शिबिर संचालन गरिने छ।

√ संस्थाले आफ्नो कार्य क्षेत्रमा बाताबरण समन्धी सामाजिक कार्यमा उपस्थिति जनाउनको लागि बिश्व बातावरण दिबस (जेष्ठ१९)को दिन म्याग्दी जिल्ला को प्रधान कार्यालय दरबाङ,सेवाकेन्द्र बाबियाचौर,तातोपानी र बेनी अन्तर्गतका बजार क्षेत्रमा सरसफाई कार्यक्रम गरिने छ।

√ संस्कृति संरक्षण मा सहकारीको भूमिका र उपस्थितिको लागि कार्य क्षेत्र भित्र भएका (बेनी स्थित खुला मन्च,बाबियाचौर मा रहेको देबी मन्दिर साथै दरवाङ स्थित पुरानो खेलमैदानको

छेउमा रहेको देबीको मन्दिर र ताकम कोट मन्दिर परिसरहरु मा सरसफाई कार्यक्रम संचालन गरिने छ।

ञ) संस्थागत बृद्दी र बिकासका लागि अन्य योजना :-

√ कार्य क्षेत्र भित्रका युवा जनशक्ति विदेश पलायन रोक्न तथा स्वदेशमा आत्मनिर्भर बनाउनका लागि परियोजना अध्यन तथा कार्यविधि तयार गरि सहुलियत दरमा कर्जा सुबिधा उपलब्ध गराउने।

√ प्रथम चौबर्षिय रणनैतिक योजना तर्जुमा गरि लागु गरिने छ।

√ संचालक समिति,लेखा समिति,ऋण,शिक्षा,सेवाकेन्द्रसंचालन उपसमिति लगायत सबैक्रियाशील उपसमिति तथा शेयर सदस्य हरु सबैको व्यक्तिगत फाईल तयार गरि सबैलाई आई डी कार्ड उपलब्ध गराउने ब्यबस्था अगाडी बढाइने छ।

√ सम्पूर्ण सदस्य हरुको कोपोमिस सफ्टवेयर मा अध्याबदिक गराउनको लागि काम अगाडी बढाइने छ

र सो कार्य गर्न गराउन को लागि १ जना कर्मचारी (IT) थप गरि ब्यबस्थापन गरिने छ।

√ संस्थाद्वारा तयार गरि लागु गरियका बिभिन्न नियामावली/नीति तथा कार्यबिधि हरुलाई आवस्यकताका आधारमा परिमार्जन गर्नुपरेमा संसोधन गर्दै लगिने छ।

√ संस्थाद्वारा प्रदान गरिने तथा सदस्य हरुलाई कर्जामा लिईने ब्याजदर समय र बजार अनुकुल समायोजन गर्दै जाने नीति अबलम्बन गरिने छ।

√ रेमिटेन्स को कारोबार लाई बृद्दी गर्दै सो रकम लाई सदस्य हरुलाई बचत मा परिणत गर्न प्रोत्साहन गरिने छ।

√ संस्थामा आबद्द सम्पूर्ण शेयर सदस्य हरुलाई आफु तथा परिवार संग जोडिएका बैंकिंग आर्थिक कारोबार हरु संस्थामा नै गर्ने बानीको विकास गरिने छ।

√ सहकारी शिक्षा कोष अन्तर्गत छात्रवृत्ति योजना संगसंगै शेयर सदस्यहरुको उच्चतमसहभागितामा महिला ससक्तिकरण ,नेतृत्व विकास समन्धी कार्यक्रमहरु तथाकम्तिमा बर्षको ४ पटक सेवाकेन्द्र स्तरमा सदस्य शिक्षा समन्धीतालिम सन्चालन गरिने छ।

√ समय समयमा बिभिन्न खालका दैबी प्रकोप हरु उत्पन हुने गरेका कारण संस्थामा राहत कोष र वित्तीय ब्यबस्थापन कोषको कार्यविधि बनाइ लागु गरिने छ।

√ संस्थालाई सहकारी को अभियानमा नमुना बनि राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा ख्यातिप्राप्त सहकारी संस्थाहरुको छनौट गरि संस्थालाई सिकाई उपलब्धि हुने गरि ति सहकारीहरूको अध्यन अबलोकन भर्मन गर्ने ब्यबस्था मिलाइने छ।

ट) कार्यालय तथा मानब संसाधन ब्यबस्थापन योजना :-

√ संस्थाले अबलम्बन गरेको विनियम सहित विभिन्न नीति कार्यविधि अन्तर्गत रहेर संस्थाले माथि राखेका उद्देश्य तथा लक्ष्य प्राप्तिको लागि प्रधान कार्यालयको कमाण्डमा विषयगत बिभाग/शाखा हरु मार्फत चुस्त दुरुस्त रुपमा ब्यबस्थापन गर्दै लगिने छ।

√ प्रधान कार्यालय लगयात सम्पूर्ण सेवाकेन्द्र कार्यालय हरुमा आन्तरिक अनुगमन प्रणालीको विकास गरिने छ।

√ सम्पूर्ण कर्मचारी हरुको बिदा/हाजिरी,काज सरुवा,न्युक्ति,व्यक्तिगत फाईल हरुको अध्याबदिक लगायत दैनिक/मासिकरिपोर्टिंगको कार्यलाई प्रभावकारी गराइने छ।

√ अन्तर शाखा कारोबारलाई कम्प्युटर सफ्टवेयरमा अटो सिस्टम लैजान को लागि सफ्टवेयरदाताको सहयोग मा योजना निर्माण अगाडी बढाइने छ।

√ प्रधान कार्यालय लगयात सम्पूर्ण सेवाकेन्द्र हरुमा चल्ने सफ्टवेयर लाई संस्थाले अबलम्बन गरेको एेन नियम र नियामावली तथा विभिन्न कार्यबिधि मा भएका शिर्षक अनुरूप परिमार्जन तथा नियमन निकायमा पठाउनु पर्ने रिपोर्टको मोडालिटी अनुसार प्रतिबेदन प्राप्त गर्न सकिने गरी र संस्थाको दैनिक हुने कारोबारहरु एकिकृत उच्च सुरक्षा ब्यबस्थापन प्रणालीमा आबद्द गराई कार्यालयमा बिधुतिय प्रबिधि मार्फत हुने सम्पूर्ण कार्यहरु नविनतम आई प्रबिधि मार्फत ब्यबस्थापन गर्दै लगिने छ।

√ सहकारी एन विनियम,र विभिन्न नियमन निकायहरु ले जारि गरेका नीति नियम अन्तर्गत रहेर संस्थाले लियका नीति कार्यक्रम तथा बार्षिक आर्थिक लक्ष्य हासिल गर्न बिषयगत रुपमा सम्पूर्ण सेवाकेन्द्र हरुको कम्तिमा पाक्षिक/मासिक/त्रैमासिक रुपमा फिल्ड अनुगमन गरि आन्तरिक परिक्षण गर्ने कार्य को थालनी गर्दै नीति बिधि र प्रबिधि हरुको पालानामा एकरुपता हुने गरि प्रसासनिक तथा वित्तीय पारदर्शिता कायम गर्दै लगिने छ।

√ संस्था अन्तर्गत प्रमुख ब्यबस्थापक को महताहतमा रहेका विभागीय प्रमुखहरु लगायत सेवाकेन्द्र प्रमुख तथा सम्पूर्ण कर्मचारी हरुलाई समेटेर कम्तिमा ३ तहको कार्यालय ब्यबस्थापन तथा कार्यन्वयन मोडालिटी तयार गरि चरणबद्द रुपमा बेलाबेलामा अन्तरक्रिया/छलफल/ रिपोर्ट प्रस्तुत तथा उपलब्धिको समिक्षा सहित भाबी रणनीति तय गर्ने गरि बार्षिक कार्ययोजनाबनायरअगाडी बढिने छ।

√ संस्थाको करिब १३ बर्षे इतिहास बाट पाठ सिक्दै आगामी दिनमा संस्थालाई विधिसम्मत ढंग बाट अगाडी बढाउन कन्द्रीय तथा सेवाकेन्द्र स्तर मा रहेका जनसक्ति हरुको समुचित ब्यबस्थापन एवं परिचालन गर्दै दरबन्दि ब्यबस्थापन, तह तथाकार्य जिम्मेबारी अनुसारको कर्मचारीहरुलाई बिषयगत तालिम साथै वृत्ति विकास तथा नेतृत्व विकास समन्धी तालिम हरुमा सहभागी गराइने छ।

√ संस्थामा कार्यरत स्थाई कर्मचारी हरुलाई घर / जग्गा धितोको आधारमा कार्य बिधि बनाइ सहुलियत ब्याजदरमा कर्जा उपलब्ध बनाउन संचलाक समिति सामुछ पहल गरिने छ ।

बिषयगत योजना निर्माण भाका नाघेको ऋण,र पुराना बाकि बसेको ब्याज को ब्यबस्थापन तत्काल चुनौतिको बिषय रहेको जानकारी गराउदै यसलाई न्यूनीकरण गर्दै भाबी योजनाको बारेमा छलफल आगाडी बढ्ने आशा सहित मेरो आगामी बर्सको नीति तथा कार्यक्रम यही अन्त गर्न चाहन्छु। मलाइ लाग्छ मैले पेस गरेको नीति तथा कार्यक्रम यस संचालकको बैठक बाट पारित हुनेछ भने बिश्वास का साथ् बिदा हुन्छु जय सहकारी।

प्रेमलाल कंडेल
ब्यबस्थापक

मिति २०७७/०३/१२शुक्रबार

सफल पाईला

"सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य"

"मर्यादित श्रम र पर्यटनका लागि सहकारी"

नेफ्स्कूनद्वारा सञ्चालित गुणस्तर सुनिश्चितताका कार्यक्रम प्रोबेशन अन्तर्गत यस वर्ष ब्राण्ड प्राप्त गर्न सफल साकोसहरूलाई

हार्दिक बधाई एवम् शुभकामना

१. एकिकृत फ्रेण्डसिप साकोस, दोलखा
२. ऐचो पैंचो साकोस, काठमाडौं
३. कोलिय देवदह साकोस, रुपन्देही
४. गंगामाला स्वावलम्बन विकास साकोस, सुर्खेत
५. गछिया साकोस, मोरङ
६. ग्रामिण साकोस, सल्यान
७. जनउत्थान साकोस, रुपन्देही
८. जनमुखी साकोस, दोलखा
९. जनसेवा साकोस, कास्की
१०. जागरण साकोस, मकवानपुर
११. नमुना महिला विकास साकोस, रुपन्देही
१२. नवजागरण साकोस, रामेछाप
१३. नवप्रगती पृथ्वी साकोस, नवलपरासी सुस्ता पुर्व
१४. नवविकास साकोस, रौतहट
१५. परोपकार साकोस नवलपरासी सुस्ता पुर्व
१६. फुलवारी साकोस, प्यूठान
१७. भिमकुल साकोस, गोरखा
१८. महिला अभियान साकोस, मकवानपुर
१९. महिला जनचेतना साकोस, मकवानपुर
२०. महिला मिलन साकोस, मकवानपुर
२१. लुम्बीनी साकोस, नवलपरासी सुस्ता पश्चिम
२२. लेकाली स्वावलम्बन साकोस, गुल्मी
२३. लेटाङ साकोस, मोरङ
२४. लोक कल्याणकारी साकोस, चितवन
२५. शिक्षक कल्याण साकोस, दोलखा
२५. शिखर साकोस, सुर्खेत
२५. श्रीमहाप्रभु साकोस, दाङ
२८. श्रोत परिचालन साकोस, धादिङ
२९. सक्रिय महिला साकोस, मकवानपुर
३०. सप्तकोशी साकोस, गोरखा
३१. सयपत्री साकोस, नवलपरासी सुस्ता पश्चिम
३२. सामुहिक साकोस, भक्तपुर
३३. सामुहिक विकास साकोस, रुपन्देही
३४. सिको साकोस, बर्दिया
३५. सिनर्जी साकोस, कपिलवस्तु
३६. सुन्दरपुर साकोस, मोरङ
३७. हरियाली साकोस, दाङ
३८. हाम्रो मध्यवर्ती राधाकृष्ण साकोस, बर्दिया
३९. हाम्रो सुपर साकोस, नवलपरासी सुस्ता पश्चिम
४०. ज्ञानज्योति महिला उत्थान साकोस, काठमाडौं

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.
स्थापना
स्था. २०६३ (Estd. 2063)

सफल पाईला

श्रद्धेय यस गरिमामय १३ औ बार्षिक साधारण सभाका अध्यक्ष ज्यू

प्रमुखअतिथि ज्यू संस्थाका सल्लाहाकार महानुभावहरु संचालक समितिकापदाधिकारीहरु , लेखासमितिका संयोजकतथा सदस्यज्यूहरु सेवा केन्द्रका संयोजकज्यूहरु,सेवा केन्द्र प्रमुख एवम् विभिन्न उपसमितिका संयोजक एवम् सदसय ज्यू हरु र कर्मचारी परीवारहरुमा सर्वप्रथम पश्चिम नेपाल साकोसको १३ औ बार्षिक साधारण सभामा मेरो व्यत्तिगत र संस्थाको तर्फबाट यहाँहरु सम्पूर्णमा हार्दिक स्वागत एवम् सहकारी अभिवादन व्याक्त गर्न चाहान्छु।

पूजिवादी युगको विकासक्रम सँगै सहकारीको विकास भएको हो । औद्योगिक त्रन्ति र यसले ल्याएको श्रम शोषण, सामाजिक असमानता,गरिवी,बेरोजगारी,मानविय मूल्यमा ह्रास भएको सामजिक पृष्ठभुमि,ठगी कालोवजारी,उपभोक्तामार,बजार चर्को व्याज,घुसाखोरी,अभाव, अनिकाल पशुसरहको श्रमजिविको अवस्था आदी समस्याग्रस्त सामाजिक परिवेश्मा सामाजिक अगुवाहरुको पहलमा जन्म भएको यो पश्चिम नेपाल बचत तथा ऋण सहकारी हो ।

मुलुक २०७६ चैत्र ११ गते देखि कोभिड १९ का कारण अस्तबय्स्त भएको तपाईहरुलाई सर्व विधित नै छ यस महामारीमाहामीहरुले सदस्य हरु लाई कसरी सेवा दिन सक्छौ भनेर दिनरात नभनिकन प्रयासहरु गरेकै छौ र गर्नै छौ हामिले अघिल्लो बर्षमा यो यो कामगर्ने छौ भनि विभिन्न किसिमको बजेट निर्माण गरेका थियौ जसमा पुग्न नसके पनि नजिक नजिक पुग्न सफल भएका छौ उक्त अवधिमा भए गरेको प्रमुख कृयाकलापहरु सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

शिर्षक	२०७६ अषाढ	लक्ष्य (गत वर्षको)	२०७७ अषाढ उपलब्धि
शेयर पूजी	६,३५,५९,०००	१० करोड	९,४८,८८,५००
जगेडा कोष	१३९६६५१	१ करोड ८७ला.	१६५१९६०६
निक्षेप	३३०७३१०००	४८ करोड	५१३२८८३८६
कर्जा लगानी	३४०७८४७०१	५० करोड	४०२१०६२१६
संचालकनाफा	१२५४३४२४	१ क.९१ ल. ५९ ह	९११४१२७
कुलकारोवार	४३२०७५३१२		६७२५४२६१९

प्रेमलाल कंडेल

व्यबस्थापक

अनुसूची-१ :

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड १३ औं बार्षिक साधारण सभामा सदस्य सहभागिता फारम

१) सदस्यको विवरण :

सदस्यको नाम :

सदस्यता नं. :

संस्थाको महामारीमा साधारण सभा सञ्चालन कार्यविधि, २०७७ अनुसार मलाई प्राप्त जानकारीको आधारमा मेरो राय तपशिल बमोजिम रहेकोछ ।

२) लेखा सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमा :

.....

.....

.....

.....

.....

.....

३) लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा :

.....

.....

.....

.....

.....

.....

४) कोषाध्यक्षको आ.व. २०७६/०७७ को प्रगती २०७७ को प्रस्तावित बजेट सम्बन्धमा :

.....

.....

.....

.....

.....

.....

५) सचिवको आ.व. २०७६/०७७ को प्रगती २०७७/०७८ को प्रस्तावित नीति तथा कार्यक्रमहरू सम्बन्धमा :

.....

.....

.....

.....

.....

.....

६) सञ्चालक समितिको तर्फबाट ..... साधारण सभामा पेश भएको प्रस्तावहरू सम्बन्धमा :

.....

.....

.....

.....

.....

.....

७) संस्थालाई थप सुझावहरू :

.....

.....

.....

.....

.....

.....

.....

सदस्य

अनुसूची-२ :

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

१३ औं बार्षिक साधारण सभामा सदस्य सहभागिता फारम

१) सदस्यको विवरण :

सदस्यको नाम :

सदस्यता नं. :

संस्थाको महामारीमा साधारण सभा सञ्चालन कार्यविधि, २०७७ अनुसार मलाई प्राप्त जानकारीको आधारमा मेरो राय तपशिल बमोजिम रहेकोछ ।

क्र.सं.	प्रस्तावहरू	स्वीकृत गर्न हुन्छ	स्वीकृत गर्न हुन्न
१	लेखा सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमा		
२	लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा		
३	कोषाध्यक्षको आ.व. २०७६/०७७ को प्रगती २०७७/०७८ को प्रस्तावित बजेट सम्बन्धमा		
४	सचिवको आ.व. २०७६/०७७ को प्रगती २०७७/०७८ को प्रस्तावित नीति तथा कार्यक्रमहरू सम्बन्धमा		
५			
६			

.....

सदस्य

सफल पाईला

टिप्पणी :

नाम थर : .....

ठेगाना : ..... **सम्पर्क नं.** .....